
# धर्मकीर्ति

## THE DHARMAKIRTI

### A BUDDHIST MONTHLY

**चैत्र पूर्णिमा**



भगवान बुद्धले आर्य मार्गको बारे उपदेश दिइरहनु भएको दृश्य

वर्ष- १४ अंक- १२ वार्षिक रु. ३५/- मूल्य रु. ४/-

Downloaded from http://www.dhamma.digital

चार दिनसम्म संचालित सो शिविरमा सिराहा, सप्तरी, उदयपूर, रौटहट र झापाको गरी ८५ जवान महिला तथा पुरुषहरू सहभागी थिए।

प्रथम बौद्ध जागरण शिविरमा प्रशिक्षण दिइएका विषयहरू र प्रशिक्षकहरू यसरी थिए।

| विषयहरू | प्रशिक्षकहरू |
|---|---|
| बुद्ध, धर्म र संघको परिचय | – भिक्षु अशोक कीर्ति |
| बुद्ध जीवनी | – तेजनारायण पंजियार |
| चतुआर्यसत्य र आर्यअष्टाङ्गिक मार्ग | – चन्द्रकाजी शाक्य |
| थारु र महात्मा बुद्ध | – रमानन्द प्रसाद सिंह |
| बुद्ध धर्म र काठमाडौं उपत्यका | – हर्षमुनि शाक्य |
| बौद्ध संस्कार पद्धति | – बासुदेव चौधरी |
| सिराहा जिल्लामा थारुहरूको स्थिति | – सियाराम चौधरी |
| बुद्ध धर्मका सम्प्रदाय | – जनक नेवा |
| जातक कथा | – विपेन्द्र महर्जन |
| मानव स्वभाव र संगठन | – चन्द्रकाजी शाक्य |
| बुद्ध धर्म र थारु जनजाति | – महेश कुमार चौधरी |

श्री अस्मितालाल चौधरीले उद्‌घाटन गर्नुभएको सो शिविरको सम्पूर्ण कार्यक्रम श्री सियाराम चौधरी र श्रीमती जानकी चौधरीले संचालन गर्नुभएको थियो।

× × +

## "मैत्रये युवा संघ" या मूज्या उलेज्या

ख्वप, २०५३ फागुन २५ गते—भाजु इन्द्रराज शाक्यया सभापतित्वय् "मैत्रये युवा संघ" नां तयाः स्थापना जूगु बौद्ध संस्थायात रामकृष्ण बैद्यजुं मैन मत च्याकाः मूज्या उलावीगु समाचार प्राप्त जूगु दु। संस्थाया मू उद्देश्यत थुकथं न्ह्यथनातःगु दु—युवा वर्ग-पिन्त बुद्ध धर्म सम्बन्धि जनचेतना जागरण यायेगु, रचनात्मक शीपमूलक कार्यक्रम व बौद्ध आचरण अनुसार सेवामूलक सामाजिक सेवाया कृयाकलापे गुहाली याना वनेगु आदि।

संघया नायो तिर्थराज बज्राचार्यं लसकुस न्वचू बियाविसे संघया उद्देश्यकथं ज्या याना यंकेगु व बौद्ध कक्षा संचालन याना वनेगु बिचाः प्वंकादिल। मू पाहां भाजु हर्षमुनि शाक्यं तराईया थारु जनजातितसें २५ म्ह, ३० म्ह मनूतय् पुचः मुनाः संचालन यानाच्वंगु आयमूलक घरेलु उद्योग ज्यायात अनुकरण याय् बहःगु सुझाव बियादिल। अथे हे राकेश अवालेजुं धयादिल—"संस्था विकास याय्‌त संस्थां फीत छु बिल मधासे संस्थायात फीसं छु बिया धयागु बारे बिचाः याय्‌माः।" थुकथं हे सिद्धिरत्न शाक्यं वेरोजगारीपिन्त रोजगारीया लागी शीपमूलक तालिम बीगु ज्याया प्रशंसा यानादिल।

संघया पदाधिकारीपिनि धलः थुकथं च्वयातःगु दु—राजाभाई बज्राचार्य – न्यकू, कौसलरत्न बज्राचार्य – छ्याञ्जे, बुजःपि – पुण्यराज शाक्य, रुद्र चित्रकार, ज्ञानेन्द्र शाक्य, सुरेन्द्र बुद्धाचार्य, प्रज्ञारत्न बज्राचार्य।

संघया उत्थानया लागी आर्थिक गुहाली बियादिपि—राकेश अवाले रू. १०००।–, रामकृष्ण बैद्य रू. ५१०१।–, सुरेश ज्योति शाक्य रू. ५००।–

---

धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू—

क्र. सं. २२१

मय्‌जु नानी तुलाधर
त्यौड, ज्वालामाई, ये
रू. १००५।–

क्र. सं. २२२

विश्व शाक्य
फोटो जेनिथ
तेर्सापट्टी, ग. प्र. पोखरा
रू. १०००।–

---

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित

व्यवस्थापक
चिनीकाजी महर्जन

ने० सं० १११७

सम्पादक
अ. वीर्यवती

बु० सं० २५४०

प्रधान सम्पादक
भिक्षु अश्वघोष
फोन- २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
अनगारिका धम्मवती

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
काठमाडौं
फोन : २२०४६६

पोष्ट बक्स नं. ४६६२

# धर्मकीर्ति

## ( बौद्ध मासिक )

# THE DHARMAKIRTI

APRIL 1997

वर्ष–१४ | अंक–१२ | ल्हुतिपुन्ही | चैत्र २०५३




जो मीठो मसिनो खान पाउन्ज्याल र आँखाका अगाडि मात्र प्रिय बन्दछ, त्यो सच्चा मित्र होइन । जसले काम सकिएपछि पनि मित्र बनिरहन्छ त्यही नै मित्र हो ।

यी चारजनालाई चाहिं मित्रको रूपमा अमित्र संझनु पर्छ ।

१. अरूको धन हरण गर्नेहरू,

२. अनर्थक कुरा बताउनेहरू,

३. सधैं मीठो मीठो चिप्ले कुरा गर्नेहरू,

४. हानिकारक (खराब) काममा सहायता दिने,

जसले खराब काम गर्न सल्लाह दिन्छ, सामुन्ने प्रशंसा गरो पछाडि चाहिं निन्दा गर्दछ, त्यो मित्र होइन अमित्र हो ।

Downloaded from http://www.dhamma.digital

# धम्मपद – ९५

– रौना बनिया

अभित्थरेथ कल्याणे – पापा चित्तं निवारये ।
दन्धं हि करोतो पुञ्ञं – पापस्मिं रमती मनो ॥

अर्थ—कुशल कर्म गर्नमा हतार गर । पाप कर्म गर्नबाट चित्तलाई हटाउ । पुण्य कार्य गर्नमा ढिलो गर्‍यो भने मन पाप कर्म गर्नतिर लाग्छ ।

घटना—यो गाथा भगवान् बुद्धले जेतवन महाविहारमा बास गरिरहनु भएको बेलामा चूल एक साटक नामक ब्राह्मणको कारणमा आज्ञा हुनु भएको हो ।

बुद्धकालमा चूल एक साटक भन्ने एउटा ब्राह्मण थियो । गरिबीको कारण उक्त ब्राह्मणसँग ओढ्नको लागि एउटा मात्र खास्टो थियो । उनकी पत्नी ब्राह्मणी र उनले घरबाट बाहिर जानुपर्दा एक्लै जान्थ्यो । ओढ्नको लागि एउटा मात्र खास्टो भएकोले दुबैजना घरबाट सँगै ननिस्की पालो पालो गरी खास्टो ओढी घर बाहिर जाने गरी काम चलाइरहेको थियो ।

एकदिन भगवान् बुद्धको धर्मदेशना हुने थाहा पाएर धर्मदेशना सुन्नको लागि पति र पत्नीमा को पहिले जाने भन्ने कुरा मिलाई पत्नी चाहिं दिउँसोको धर्मदेशना सुन्न गए । पत्नीको पालो सिद्धिएपछि बेलुकी त्यही एउटा भएको खास्टो ओढेर लोग्ने चाहिं धर्मदेशना सुन्न गए ।

भगवान् बुद्धको धर्मदेशना सुन्दै उनको मन अति प्रसन्न भएर श्रद्धाले विभोर भयो । भगवान् बुद्धलाई त्यही एउटा मात्र भएको खास्टो दान दिन्छु भनेर श्रद्धा चित्त उत्पन्न भयो । फेरि मनमा लाग्यो—"यदि मैले यो ओढ्ने दान दिएँ भने न त मसँग ओढ्ने कुरो हुन्छ, न त ब्राह्मणी सँग ।" यसरी मनमा फेरि लोभ चित्त उत्पन्न भयो । यसरी दान दिउँ कि नदिउँ भनी मनमा दोधारे गर्दा गर्दै रातीको प्रथम पहर बित्यो । यस्तै लोभ चित्त र श्रद्धा चित्तको संग्राम हुँदै रातको दोश्रो पहर पनि बित्यो । अन्तिम पहरमा रात बित्न लाग्दा उसले सोचे—"कैयौं पटक मैले यो खास्टो दान दिने सोचें कैयौं पटक फेरि लोभले छोप्यो । अब त मैले बलियो श्रद्धा चित्त गरी दान दिई छोड्छु ।" यस्तो सोची आफ्नो एउटै मात्र भएको खास्टो लिएर भगवान् बुद्धको चरणमा राखी "मैले जितें, मैले जितें" भनी ठूलो ठूलो स्वरले तीन पटक कराए ।

त्यही ठाउँमा धर्म श्रवण गरिरहेका कोशल देशका प्रसेनजित महाराजले त्यो कराएको सुनी के कारण हो भनी बुझ्न पठाउँदा ब्राह्मणले आफूलाई भएको कुरा बताए । महाराजले यस ब्राह्मणले राम्रो काम गरेछ भनी उसलाई एक जोर खास्टो पठाइदियो । ब्राह्मणले त्यो खास्टो पनि भगवान् बुद्धलाई चढाइदियो । फेरि अर्को दुई जोर, चार जोर गर्दागर्दै बत्तीस जोरसम्म खास्टो महाराजबाट पठाईदिंदा पनि दुई जोर मात्र आफूलाई राखी सबै भगवान् बुद्धलाई चढाइदियो । महाराजले अझ खुशि भएर अति धेरै मूल्य पर्ने असल खालको दुईवटा कम्बल दिन पठायो । ब्राह्मणले त्यति महँगो असल खाले कम्बल आफूले प्रयोग गर्न उचित छैन भनी एउटा भगवान् बुद्धको गन्धकुटीमा सिलिंगमा सजाइदिएर अर्को आफूकहाँ दिनहुँ भिक्षाको लागि आउने भिक्षु भोजन गराउने ठाउँमा सिलिंगमा सजाइदिए ।

प्रसेनजित महाराजले भगवान् बुद्धको गन्धकुटीमा त्यही कम्बल देखेर भगवान् बुद्धबाट त्यो कम्बल एक



Downloaded from http://www.dhamma.digital

साटक ब्राह्मणले चढाएको हो भनी थाहा पाएर मन प्रसन्न गरी फेरि चारवटा हात्ती, चारवटा घोडा, चार हजार रुपियाँ, चार स्त्री, चारजना दासी, चारजना पुरुष, चारवटा राम्रो गाउँ यसप्रकार देशमा भएको सबै वस्तु चार चार ठाउँमा राखी 'सर्व चतुस्क' भन्ने दान दिलाए।

एकदिन धर्म सभामा भिक्षुहरूले एक साटक ब्राह्मणले 'सर्व चतुस्क' दान पाएकोमा दानको फलको चर्चा गरिरहेको सुनी भगवान् बुद्धले भन्नुभयो— "भिक्षुहरू हो ! यदि यस ब्राह्मणले आफ्नो एउटै खास्टो रातको प्रथम पहरमै मलाई चढाएको खण्डमा उसलाई 'सर्व सोलसक' भन्ने सबै वस्तु सोह्र सोह्र ठाउँमा भएको दान प्राप्त हुने थियो। यदि रातको मध्यम पहरमा खास्तो दान दिन सकेको खण्डमा 'सर्व अष्टक' भन्ने सबै वस्तु आठ आठ ठाउँमा भएको दान प्राप्त हुने थियो। रातको अन्तिम पहरमा दान दिएकोले 'सर्व चतुष्क' दान मात्र प्राप्त गर्‍यो। अतः कल्याण कार्य गर्ने व्यक्तिले उत्पन्न भएर आएको कुशल चेतनालाई नाश नगरिकन त्यही क्षणमा गरी हाल्नु पर्छ। कुशल कार्य गर्नमा ढिला गर्‍यो भने त्यो कुशलले फल दिने बेला पनि ढिलै गरी थोरै मात्र दिन्छ। त्यसैले चित्तमा उत्पन्न हुने बित्तिकै तुरुन्तै कल्याण कार्य गरी सक्नु पर्छ।" यसरी आज्ञा भएर भगवान् बुद्धले कारण मिलाई उपरोक्त गाथा भन्नुभयो।

***

# बुद्ध

– विपिन रिजाल

भगवान् बुद्ध आफ्ना चेला साथ लिई एउटा गाउँको बाटो कतै जाँदै गर्दा त्यस गाउँका मानिसले बुद्धलाई चारैतिरबाट घेरेर तथानाम गाली गरे। निकै बेरसम्म गाली गरी ती मानिसहरू थाकेर चूप लागेपछि बुद्धले भन्नुभयो—"तपाईंहरूले आफ्नो काम सिध्याइ-सक्नु भएको भए अब मलाई यहाँबाट जाने आज्ञा दिनुहोस्।"

आफूले गरेको गालीको प्रतिकारको सट्टा विनम्र भएकोमा ती मानिसहरू छक्क परे र कारण जान्न चाहे।

भगवान् बुद्धले भन्नुभयो—"तपाईंहरूले मलाई गाली ग्रहण गर्ने आग्रह गर्नुभयो मैले ग्रहण गरिन त्यसैले मलाई असर परेन" र फेरि भन्नुभयो—"अब मलाई एउटै कुराको चिन्ता लागेको छ।" बुद्धका यस्ता कुरा सुनेर ती मानिसहरूले उत्सुकतापूर्ण आश्चर्य प्रकट गरे।

भगवान् बुद्धले भन्नुभयो—"म अघिल्लो गाउँको बाटो आइरहेको थिएँ, त्यहाँका मानिसहरूले ठूला ठूला थालमा मिठाई फलफूल ल्याएर मलाई ग्रहण गर्ने आग्रह गरे, मैले भने म अहिले अघाएको छु, मलाई यसको आवश्यक छैन, तपाईंहरू यी मिठाई फलफूल सबै आफ्ना छोराछोरीहरूलाई बाँडिदिनु होस्। मैले मिठाई फलफूल ग्रहण नगर्ने इच्छा व्यक्त गरेपछि त्यो त उनीहरूले आफ्ना छोराछोरीलाई बाँडिदिए। यहाँ तपाईंहरूले पनि मलाई गाली गर्नुभयो। मलाई यसको पनि आवश्यक छैन। मैले ग्रहण नगरेको गाली तपाईंहरू अब कसलाई बाँड्नु हुन्छ मलाई त्यसै कुराको चिन्ता लागेको छ।" यी कुरा सुनेर ती मानिसहरू जिल्ल परे र मुखामुख गर्नथाले।

साभार – गोरखापत्र



Downloaded from http://www.dhamma.digital

# मानव कल्याणको साधनास्थल : जामाचो

– केदार शाक्य

विपश्वी बुद्ध पहिलो मानव बुद्ध थिए । भद्रकल्प युगमा यिनी खण्ड र तिष्य नामका दुई अग्रश्रावक र भिक्षु संघ सहित नागवास भएको नेपाल खण्डमा आएका थिए । प्राग्ऐतिहासिककालको वर्णन अनुसार काठमाडौं उपत्यका पहिले कालीह्लद थियो । यहाँ स्वयम्भू ज्योति प्रकट हुने कुरा विपश्वी बुद्धले आफ्नो ध्यान साधनाबाट थाहा पाए । उनले कालीह्लदलाई तीन पटक परिक्रमा गरी जामाच्चो पर्वतमा ध्यान गरी बसे । स्वयम्भू ज्योति प्रकट हुने उपयुक्त स्थान निम्ति विपश्वी बुद्धले कमलको बीजारोपण गर्ने अधिष्ठान गरे । अकनिष्ठ भुवनबाट कमलको बीउ खस्यो । त्यही कमलको बीउ अथवा स्कन्ध पद्मलाई उनले नमोरत्न त्रयाय सप्ताक्षर मन्त्रलाई संकमा गरी जामाच्चो पर्वतबाट कालीह्लदमा फालेपछि वर्तमान स्वयम्भू महाचैत्य रहेको ठाउँमा परेको हुनाले त्यहाँ स्वयम्भू ज्योति उत्पन्न हुने कमलको फूल प्रकट भएको थियो ।

त्यो कमलको बीजारोपण गरेको दिन चैत्र पूर्णिमा थियो । यस पूर्णिमालाई नेवार भाषामा "ल्हुतो पुन्ही" भनिन्छ । प्राकृतिक वातावरणले भरिपूर्ण (जातमात्रोच्च) जम्मेकाहरू मध्ये सबभन्दा उच्च र रमणीय पर्वत भएकोले विपश्वी बुद्धले ध्यान साधना गर्न लायक त्यस पर्वतलाई जामाच्चो र कालान्तरमा अपभ्रंस भै जामाचो भनिन लाग्यो ।

स्वयम्भूको उत्पत्तिसँग गाँसिएको यस पर्वतको महिमा निकै ठूलो भएकोले त्यही स्थानमा कालान्तरमा महायानी दार्शनिक आचार्य नागार्जुनले उनै बुद्धको स्मरण गरी जामाचो पर्वतको एक गुफामा बसी ध्यान साधना गरेका थिए । अहिले पनि त्यहाँ धेरै गुफाहरू पाइएका छन् । आचार्य नागार्जुन रसायनविज्ञ थिए । ज्यादै ठूला विद्वान र दार्शनिक नागार्जुनले ध्यान गरेको हुँदा जामाचो पर्वतलाई नागार्जुन पर्वत नामाकरण गरियो ।

ने. सं. ८७५ मा कान्तिपुरका राजा जयप्रकाश मल्लले बालाजुमा २१ वटा ढुङ्गेधारा बनाएका थिए । पछि वि. सं. १८५५ मा श्री ५ रणबहादुर शाहले एउटा धारो थपी दिएपछि २२ धारा नामले प्रसिद्ध भयो । जंगल, पानी, फूल तथा लताविले भरिपूर्ण नागार्जुन पर्वत वास्तवमा अहिलेभन्दा पहिले धेरै रमणीय भएको वर्णन पाइन्छ ।

महाचीनबाट महामञ्जुश्री बोधिसत्व यहाँ आउँदा केसिनी र उपकेसिनी (वरदा-मोक्षदा) देवीहरू सहित पंचशील पर्वत पार गरेर आउँदा उनी नगरकोटमा बास बसेका थिए भन्ने जनविश्वास छ । महामञ्जुश्रीले पनि नागह्लदको परिक्रमा गरेपछि जामाचोमा बसेर यहाँको पानी कताबाट निकास गर्ने भन्ने कुरा बिचार गरेका थिए ।

चिनियाँ र तिब्बती लामाहरू मञ्जुश्री बोधिसत्व-को स्मरण गर्दै चैत्र पूर्णिमाको दिन विशेष श्रद्धाका साथ जामाचोस्थित बुद्ध चैत्यमा दर्शन गर्न जान्छन् । विपश्वी बुद्ध र महामञ्जुश्री बोधिसत्वले ध्यान साधना गरेको त्यस जामाचो पर्वतमा बसेर ध्यान गर्दा ठूलो लाभ हुन्छ भन्ने विश्वास तिब्बती तथा मंगोलियन बौद्धहरूमा अझै पनि छ । चिनियाँ मूलका थेरवादी बौद्ध भिक्षुहरू त्यस पर्वतमा गई भगवान् बुद्धप्रति असीम श्रद्धासुमन अर्पण गर्दछन् । जामाचो चैत्यमा भेटी, चिवर चढाउंछन् । बर्सेनी हजारौं मानिसहरू चैत्र पूर्णिमाका दिन त्यहाँ



Downloaded from http://www.dhamma.digital

गएर बुद्धका गुणहरू स्मरण गर्दछन् । नागार्जुन पर्वतमा धेरै किसिमका जडीबूटीहरू पाइएका छन् । यहाँका गुफाहरूमा बसेर ठूला विद्वानहरूले मानवकल्याण निम्ति ध्यान साधना गरेको हुँदा यसको महिमा अझ बढ्न गएको हो ।

नागार्जुन पर्वतमा जस्तो जडीबूटी अन्यत्र कतै नपाइने जनविश्वास छ । त्यहाँ चम्किने ढुंगाको गुफालाई मानिसहरू जरी गुफा भन्दछन् ।

थेरवादी परम्परा अनुसार नेपालमा सबैभन्दा पहिले काषाय वस्त्र धारण गरी श्रामणेर हुने भिक्षु प्रज्ञानन्द महास्थविरले पनि सोही नागार्जुनको गरिमाले गर्दा त्यहाँ आदि बुद्धहरू समेतको स्मरण गर्दै ध्यान साधना गरेका थिए । भगवान् बुद्धका उपदेशलाई जनमानसमा कसरी फैलाउन सकिन्छ भन्ने सद्प्रेरणा प्राप्त होस् भनी उनले त्यहाँ बसेर ध्यान गरेका हुन् । नागार्जुन पर्वतमा महीनौं ध्यान साधनामा बसेपछि उनी त्यहाँबाट किंडोल विहार र त्यसपछि अन्य भिक्षुहरूका साथ आनन्दकुटी विहार स्वयम्भूमा बसेका थिए । अहिले पनि नागार्जुन पर्वतको महिमा स्मरण गर्दै लामा, थेरवादी भिक्षुहरू त्यहाँ ध्यानमा बसिरहेको देख्न पाइन्छ ।

जामाचोमा रहेका अन्य बुद्ध मूर्ति तथा चैत्यहरू मल्लकालमा निर्माण भएको कुरा विज्ञहरूले बताएका छन् । स्वयम्भू महाचैत्यको सिंढीमा राखिएका भगवान् बुद्धका विशाल काय मूर्तिहरू झैं नागार्जुन पर्वतका गुफाहरूमा पनि त्यत्तिकै विशाल आकारको मूर्ति स्थापना गरिएका छन् । जामाचोको पछाडिपट्टि त्रिशूली जाने बाटोपट्टि ढिकेपक भन्ने गुफा अहिले पनि देख्न सकिन्छ । यहाँबाट पूर्वाभिमुखी जरी ढुंगाको गुफासम्म निस्कन सकिन्छ भन्ने जनविश्वास छ । तर अहिलेसम्म यसबारे यकिन गरी भन्नसक्ने खोजतलास भैसकेको छैन ।

अहिले जामाचो पर्वतलाई आधुनिक पर्यटन केन्द्रको रूपमा पनि लिइएको पाइन्छ । यसको प्राग्ऐतिहासिककालीन महत्व र गरिमा साथै आधुनिक पर्यटकहरू त्यहाँ हिमालको रमणीयता अवलोकन निम्ति जान्छन् । बालाजुबाट पहिले ४ घण्टा लगाएर पैदल यात्रा गर्नुपर्ने जामाचोसम्म पुग्न सडक सुविधा उपलब्ध भैसकेको छ । त्यहाँ विश्रामस्थल तथा दृश्यावलोकन गर्न बनाइएका "भ्यू टावर" बाट हिमालयको सुन्दर दृश्य र काठमाडौं उपत्यकाको अवलोकन समेत गर्न सकिन्छ । यहाँबाट देखिने हिमाल, पहाड र उपत्यकाका फाँटहरू हेर्दा जोसुकैको पनि मन प्रफुल्ल हुनसक्छ । भगवान् बुद्धका महिमा बुझ्ने ध्यानीहरू दिव्यस्मरण गर्दै श्रद्धाका आँशु बहाउँछन् र आनन्दविभोर हुन्छन् ।

स्वयम्भू पुराणमा वर्णन भएका जामाचो पर्वतका प्राग्ऐतिहासिककालीन घटना र तिनको विवेचना गर्दा यसलाई महत्वपूर्ण स्थानको रूपमा लिन सकिन्छ । यिनै कारणहरूले गर्दा यो पर्वतको महत्व बढेको र यही नै बौद्ध परम्परा कायम भएको पाइन्छ ।

साभार – गोरखापत्र

## शान्ती

– दिलु 'दया' धरान

धेरै भयो भौंतारेको शान्ती खोज्नलाई
कस्को सामु जाउँ आज मन बुझाउनलाई
रात–दिन कति बिते अशान्तीनै अशान्तीमा
अन्धकारले छाएको रहेछ, गोरेटोहरू सबैमा
विशाल देख्छु रूख सबै हावा कतै छैन
भारी भयो यो मुटु पनि बिसाउने ठाउँनै पाईन
विशाल छ यो संसार तर शान्ती छैन, कुनै ठाउँमा
अशान्तीको सागरमाथी तैरिंदै बुद्ध तिमी आउ
शान्तीको नाउँमा ।



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी विश्वशान्तिको एक प्रतिक

– भिक्षु सुदर्शन

लुम्बिनी बोधिसत्व सिद्धार्थको जन्मस्थल हो। "पब्बज्जा सुत्त" (सुत्तनिपात) को "हिमवन्तस्स पस्सतो" उक्ति भौगोलिक रूपमा आज पनि चरितार्थ छ। राम्रो मौसमको शीतकालीन समय आज पनि लुम्बिनीबाट हिमालयको चुचुरो शान्त र रमणीय रूपमा स्पष्ट देखा पर्दछ। कपिलवस्तु र देवदहको बीचमा लुम्बिनी अवस्थित छ। लुम्बिनी एक रमणीय शालवन हो। "नालक सुत्त" निपातमा बोधिसत्व सिद्धार्थको जन्म बारेमा वर्णन गरिएको छ।

सो बोधिसत्तो रतनवरो अतुल्यो,
मनुस्सलोके हित सुखताय जातो।
सक्यानं गामे जनपदे लुम्बिनेय्ये,
तेनम्हतुट्ठा अतिरि कल्यरूपा॥

अर्थात्—प्राणीहरूको हितको लागि सुखको लागि मनुष्य लोकमा शाक्य जनपदको लुम्बिनी ग्राममा उत्तम, अतुल्य बोधिसत्व उत्पन्न हुनुभयो।

बुद्धको महापरिनिर्वाण पछि चार दर्शनीय स्थानहरूमध्ये लुम्बिनी प्रथम स्थान हो। दिव्यावदान यसै कारण लुम्बिनीको गुण गाउँछ "इदंहि पठमं चैत्यं" यही नै पहिलो चैत्य हो। अशोक आफ्नो शिलास्तम्भमा आफ्नो श्रद्धा लिपिवद्ध रूपमा अभिव्यक्त गर्दछन्—

"हिद बुधे जाते सक्यमुनीति..."
"हिद भगवं जातेति लुंमिनी गामे"

अर्थात्—यहीं शाक्यमुनि बुद्ध जन्मनु भएको छ, यहीं लुम्बिनी ग्राममा भगवान् जन्मनु भएको छ। अशोकको स्तम्भ अभिलेखका पाँच हरफका शब्दहरू मध्येमा फुहररको खोज अनुसार नौवटा शब्दहरू अशोकका अन्य शिलालेखहरू र स्तम्भ लेखहरूमा उपलब्ध छैन। यसैकारण केही शब्दहरूको व्याख्यामा तुलनात्मक आधार नपाइएकोले विद्वानहरू मतैक्यतामा आउन सकेनन् तापनि केही शब्दहरू साह्रै महत्वपूर्णका छन्। "भगवं, लुम्बिनी र साक्यमुनि" यी साह्रै महत्वपूर्ण तीन शब्दहरू हुन्। 'हिद भगवं जाते' शब्दबाटै बुद्धको ऐतिहासिक मानव व्यक्तित्व प्रमाणित भएको हो। यस लुम्बिनीको स्तम्भ अभिलेख पाउनुभन्दा अगाडि बुद्ध पनि अरू आदर्श पुरुषहरू जस्तै स्वीकार गरिएको र अन्य महापुरुषहरूको व्यक्तित्व जस्तै एक सूर्य देवताको आदर्श महापुरुष मात्र मानिएका थिए। शाक्यमुनि बुद्धकै अर्को पर्यायवाची शब्द रूपमा अभिलेखमा 'भगवं' शब्द आएको हुनाले गौतम बुद्ध मानव गौतम बुद्ध रूपमा प्रमाणित भयो। गौतम बुद्ध एकदिन धरतीमा हिंड्नु भएका, हामीले जस्तै श्वास फेर्नु भएका मानव व्यक्तित्व सिद्ध भयो। शाक्यमुनि बुद्धको जन्म लुम्बिनीमा भएको यस उल्लेखबाट लुम्बिनी यहीं छ र त्यो लुम्बिनीमा जन्मनु भएको बुद्ध शाक्य कुलको हुनुहुन्छ भन्ने कुरा स्पष्ट पारिदिएको छ। साथै लुम्बिनी र शाक्यहरूको कपिलवस्तुको सम्बन्ध र सन्निकटतामा प्रकाश पारेको छ।

लुम्बिनी दर्शनीय स्थान हो। संवेजनीय स्थान हो। लुम्बिनीमा बुद्धको दर्शन गर्न सकिन्छ। मानिसले आफ्नो मनको मैलो पखाली शान्ति–परम शान्तिको अनुभव गर्न सक्छन्। ह्वेनसाङले अशोकद्वारा निर्मित स्तूपको दर्शन गरेर शान्तिको अनुभव गरे। त्यस्तै



Downloaded from http://www.dhamma.digital

शताब्दी शताब्दीसम्म असंख्य श्रद्धालुहरूबाट लुम्बिनीमा शान्तिको प्रेरणा प्राप्त गरे । अभिलेखको प्रमाण अनुसार राजा रिपुमल्लले पनि लुम्बिनीमा आएर शान्तिको प्रेरणा पाए । पश्चिमबाट नेपाल उपत्यकामा ससैन्य विजय आकांक्षाका साथ आउने ढुंगको आर्यावलोकितेश्वर र स्वयम्भूप्रति श्रद्धा राख्ने यस वंशमा बुद्धको र लुम्बिनीको प्रभाव परेको कुरा लुम्बिनीको अभिलेख र बुद्धगयाको अभिलेखबाट प्रतिध्वनित हुन्छ । लुम्बिनीप्रति श्रद्धाभिनन्दनको अर्को प्रमाण 'वन गज रत्न साल' अर्थात् ९८९ ने. सं. मा रचित प्रसिद्ध त्यो भजन हो, जुन भजन आज पनि उपत्यकाको बहाल बहालहरूमा गाउने गरिन्छ । "जय नमो श्री बुद्ध भगवान् लुम्बिनी बनस बिज्यात" अर्थात् लुम्बिनी बनमा पाल्नु हुने बुद्ध भगवान्लाई नमस्कार गर्दछु । यस भजनमा बुद्धको लुम्बिनी आगमनको वर्णन गरिएको छ । दीर्घनीकायको देवदह सुत्तमा बुद्धबाट देवदहमा भिक्षाटन पछि लुम्बिनीमा बस्नुभएको वर्णन पाइन्छ ।

दुई तीन शताब्दीको उपेक्षा पछि अशोक स्तम्भतिर नेपालीहरूको ध्यान आकर्षित भयो । पाल्पा राज्यको सेन वंशको पालामा नेपाल उपत्यकाबाट बौद्ध विद्वानहरू पाल्पा राज्यमा आएर बौद्ध दर्शनको व्याख्या गरेको देखिन्छ । उता पाटनका महाबुद्ध निर्माता पण्डित अभयराजले बुद्धगयासम्म तीर्थयात्रा गरे । पाल्पाका तैनाथवाला ज. खड्ग शम्शेर राणाले पाल्पाबाट नै केही फौज सिपाहीं लगेर लुम्बिनीमा खोतल्न लाग्दा जमिनमुनि तीन फूट तल पुगेका बखत स्तम्भ फेला पारेका थिए । फुहररकै शब्दमा भन्ने हो भने भाग्यवश नै ज. खड्ग शम्शेरलाई निग्लिहवामा नभेटिएको थियो र भगवानपुरमा जर्नलको क्याम्प नजिकै चार स्तुप र अशोक स्तम्भ उहाँले देखनुभयो । अनि अशोक स्तम्भको बारेमा विश्वमा हलचल हुने किसिमबाट प्रचार प्रसार भयो ।

डा. ह्वेले शिर्षहीन महामायाको मूर्ति पहिचान गर्नुभयो र पूर्ण चन्द्र मुकर्जीले महामायाको त्यो मूर्ति पूर्ण गरी प्रतिस्थापित गर्नुभयो र हाले महामाया मूर्तिको पाद पीठ पहिचान गरी महामाया मूर्तिको स्पष्टतामा अभिवृद्धि गरियो ।

२५०० औं बुद्ध महापरिनिर्वाण जयन्ती बौद्ध धर्मावलम्बीहरूको लागि एउटा नयाँ चेतना र प्रेरणाको स्रोत हो । एक प्राचीन परम्परागत विश्वास अनुसार बुद्ध शासनको आयु ५००० वर्ष हो । अर्थात् बुद्धद्वारा प्रवर्तन गर्नुभएको धर्म चक्रको प्रभाव पुण्य प्रभाव कसैको केही सहभागिताको श्रम र उद्योग नभए तापनि ५००० वर्षसम्म रहिरहने छ । बुद्ध–शासन २५०० वर्ष पूरा हुने बेलादेखि बुद्ध धर्मको शुद्ध प्रवाहमा तीव्रता आउने छ । यसै प्राचीन विश्वास अनुसार बौद्ध देशहरूमा नयाँ जागरण र नयाँ स्फूर्तिको अभिसंचार भयो । यस समय भारत, बर्मा, नेपाल आदि देशमा राजनैतिक स्वतन्त्रताको र सामाजिक सद्भावनाको चेतनाको लहर फैलिरहेको थियो । भव्यरूपमा २५०० महापरिनिर्वाण जयन्ती मनाउन आयोजनाहरू बनाइयो र कार्यान्वयन भयो । लुम्बिनीमा पनि स्व. श्री ५ महेन्द्रको व्यक्तिगत श्रद्धा र अभिरूचिबाट पब्लिक वर्क तथा संचार मन्त्रालयबाट केही आयोजना कार्यान्वयन गरियो । लुम्बिनी स्थित लामा गुम्बा र एउटा धर्मशाला बाहेक यावत् मन्दिर र भवनहरू त्यसैबेला बनाइएको थियो ।

२०१२ साल फागुन ७ गतेको प्रजातन्त्र दिवसमा मौसुफ सरकार लुम्बिनीमा सवारी भयो । मौसुफ सरकारबाट बैशाख पूर्णिमाको दिन नेपाल अधिराज्य



Downloaded from http://www.dhamma.digital

भरमा अहिंसाको घोषणा गरिबक्सँदै हुकुम भयो— "बैशाख पूर्णिमा एक पवित्र दिन भएको र सो पवित्र दिनका दिन नेपाल राज्यभर हिंसाकर्म रोक्ने मेरो इच्छानुसार यहाँ पुगेको घटनामा यो घोषणा गर्दछु—जो चाहिने प्रबन्ध मेरो सरकारबाट हुनेछ।" यसरी लुम्बिनी नेपाल अधिराज्यभर एकै दिनको निमित्त भए तापनि समस्त प्राणीहरूलाई अभय दान दिने एक पुण्य स्थान हो। लुम्बिनीमा पुग्ने बित्तिकै करूणा र प्रेम श्रद्धालु हृदयमा उर्लिएर आउनु स्वभाविकै छ।

ईस्वी सम्बत् १९७७ को नव वर्ष दिवस अर्थात् १ जनवरीका दिन एक अर्को अविस्मरणीय र ऐतिहासिक कार्य सुसम्पन्न भयो। जसमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव, श्री ५ मुमा बडामहारानी रत्न राज्य लक्ष्मी देवी शाह, श्री ५ कान्छा जिज्यू मुमा महारानी ईश्वरी राज्य लक्ष्मी देवी शाहबाट लुम्बिनीको पूजा अर्चना गरिबक्सियो। लुम्बिनीमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट रोपीबक्सेको रूख पल्लवित हुंदैछ। हाल श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह लुम्बिनी विकास कोषका अध्यक्ष होइबक्सन्छ। सौसूफबाट प्रज्वलित गरिबक्सेको शान्ति ज्योति अब लुम्बिनीमा अखण्ड रूपमा बलिरहेको छ। यसर्थ आजको यस शुभ–परिस्थिति र शान्तपूर्ण वातावरणमा पन्ध्रौं विश्व बौद्ध सम्मेलन हुनु र "लुम्बिनी : एक विश्वशान्तिको प्रतिक" सम्मेलनको मुख्य विषयवस्तु हुनु निश्चय पनि ऐतिहासिक दृष्टिले महत्वपूर्ण हुने र अविस्मरणीय उपलब्धि प्राप्त हुने आशा गर्न सकिन्छ।

***

# सुखया लँपु

– बेखारत्न शाक्य, यल

चा व न्हिया थ्व घःचा तुला थौं
कीगु थ्व जन्मया दिन वैथें
बुद्धया जन्म न्हि नं थ्यंकः वल
स्वाँयापुन्हीया थ्व शुभ–दिनस।

महत्व थ्वीका स्वाँयापुन्हीया
बुद्धया गुण लुमंका की
जन्म जुयागु ब्यर्थ मज्वीक
बुद्धया शरणय् वनेनु की।

मद्दं क कीगु पलाः न्ह्यब्वाका
ल्याहाँ मवंसे धर्मया लपुँ
मनया क्लेश चीका छ्वयेनु
सम्यक दृष्टि तया वनेनु।

दुःख धका की हालां मजिल
दुःखया कारण थ्वीके माल
रोग म्हसिका वासः नयेथें
दुःख फुकेत धर्म याये नु।

त्रिरत्न सदां मनय् तया
मृत्यु–सत्य लुमंका कया
राग, द्वेष व मोह मदेका
शुद्धगु चित्त धर्म याये नु।

भिंगु कर्तव्य थ्वहे खः कीगु
सकसिनं मने तये माःगु
ज्ञानं खंका विचार गाका
थुगु जन्म कीसं सफल याये नु।

***



Downloaded from http://www.dhamma.digital

# बोधिचित्त कसरी जगाउने ?

– रत्नकमल स्थापित

यो अत्यन्त गम्भीर विषय हो। यसबारे मलाई त्यति राम्रो ज्ञान त छैन। तैपनि यो विषय मलाई असाध्य मनपऱ्यो। त्यसैले मैले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा गई अध्ययन गरी जाने बुझेको अनुसार यस विषयमा केही कुरा पाठक वर्गहरूको अगाडी प्रस्तुत गरिरहेको छु।

हामीले बोधिसत्व भन्ने शब्द त सुनिराखेका नै छौं। यो नाम भविष्यमा बुद्ध हुने व्यक्तिको नाम हो। बोधिचित्त नहुने व्यक्ति बोधिसत्व हुन सक्दैन।

शब्दार्थमा भन्ने हो भने—बोधि भनेको कुनै पनि विषयमा यथार्थरूपले बुझ्नसक्ने क्षमतालाई भनिन्छ। अर्को अर्थमा भन्ने हो भने, केही काम गर्दा त्यस कार्यले जनहित र परहित हुन्छ वा हुँदैन, राम्रो कार्य हो वा होइन आदि बुझ्न सक्ने ज्ञानलाई बोधिज्ञान भनिन्छ। सत्व भनेको नै प्राणी हो। त्यसैले स्वच्छ ज्ञान भएको व्यक्तिलाई बोधिसत्व भनिन्छ। अर्थात् निस्वार्थ भावना सहितको व्यक्ति मात्र बोधिसत्व हुन सक्छ। बोधिसत्व व्यक्तिसँग मात्र बोधिचित्त पनि हुन्छ। बोधिसत्वले परजनलाई दुःखबाट मुक्त गराउने कार्यहरू गर्न पाउँदा जति आनन्द मान्छ त्यति अन्य कार्यमा आनन्द लिन सक्दैन। आफू एक्लैले मात्र मुक्ति प्राप्त गर्ने कार्य बोधिसत्वको लागि त्यति ठूलो कुरो होइन। त्यसैले बोधिसत्वले आफ्नो अगाडि प्राप्त भइरहेको निर्वाणलाई समेत वास्ता नगरी जनहित र जनमुक्तिको लागि प्रयास गर्ने अधिष्ठान गरी जनताको मनभित्र पसी पीडितहरूका लागि भरोसा बनेर देखाउनु भयो। उदाहरणको लागि थुप्रै जातकका कथाहरू हाम्रा अगाडि छन्। बोधिसत्वले पशु जन्म लिएको बेला पनि बोधिचित्त सहित कार्य गरी परहित गर्दै आत्म बलिदान दिन पनि पछि नहटेको थुप्रै उदाहरणहरू भेटाउन सकिन्छ।

अब बोधिचित्त बारे एकपटक विचार गरौं। बोधिचित्त हुने व्यक्तिसँग ४ वटा गुणहरू हुनु आवश्यक छन्। ती हुन्—१. मैत्री (मित्रता), २. करुणा (सहानुभूति), ३. मुदिता (प्रसन्नता), ४. उपेक्षा (तटस्थता)। यी चार गुणहरू नभएको व्यक्तिसँग बोधिचित्त छ भन्न मिल्दैन।

"मैत्री" भनेको सबैलाई आफ्नो मित्र सरह व्यवहार गर्न सक्ने चित्तलाई भनिन्छ। संसारमा मित्रको ठूलो महत्व छ। असल मित्रले मर्न लागेको व्यक्तिलाई पनि बचाउन सक्छ। त्यही असल मित्रले चोर बन्न लागेको आफ्नो साथीलाई सज्जन व्यक्तिमा परिणत गराइदिन पनि सक्छ। बोधिसत्वले यसरी राम्रा राम्रा कार्यहरू गरेको प्रमाण थुप्रै जातक कथाहरूले प्रस्तुत गरेको पाइन्छ। हुनत "भरिया परमा सखा" अर्थात् आफ्नो श्रीमानलाई उपकार गर्ने साथी श्रीमती नै हुन्। घरको साथी आफ्नी आमा हुन् (माता मित्तं सके घरे) भनी भगवान् बुद्धले नै भन्नुभएको छ।

जे होस्, हामीलाई नाताकुटुम्बहरूले भन्दा पनि साथी वा मित्रहरूले नै धेरै उपकार गर्ने गरेको देखिन्छ। किनभने हामी घरमा मात्र सीमित रहँदैनौं। घर बाहिर पनि कारोबार गर्नुपर्ने भएकोले बाहिर साथी नभई हुँदैन। उदाहरणको लागि एउटा घटना प्रस्तुत गर्न उचित लाग्यो—एउटा व्यक्तिको श्रीमती बिरामी परिन्। डाक्टरले त्यस बिरामीलाई २४ घण्टाभित्र विदेशमा लगी अपरेशन गर्नुपर्ने सल्लाह दिएछ। होइन भने बिरामी बाँच्न मुश्किल पर्ने भयो। त्यही मौकामा त्यस



Downloaded from http://www.dhamma.digital

व्यक्तिलाई साथीहरूले तुरन्त आर्थिक सहायता दिई विदेशी राजदूतहरूको सहायता लिई हवाईजहाज समेत केही क्षण रोक्न लगाई २४ घण्टाभित्रै विदेश पुऱ्याई बिरामीलाई मृत्युको मुखबाट बचाई दिन सफल भए। यहाँ यदि त्यस व्यक्तिको साथीहरूसँग मैत्री चित्त नभएको भए उनीहरूले यस्तो मद्दत गर्न सक्दैनथे होला। मुखमा रामराम बगलीमा छुरा जस्तो चित्त भएको व्यक्तिहरूसँग मैत्री चित्त हुनै सक्दैन।

करुणा भनेको के हो? आफूभन्दा जन्मले कान्छो, ज्ञानले कान्छो आदि जुनसुकै क्षत्रमा होस्, आफूभन्दा तल्लो स्तरको व्यक्तिलाई आफूले सक्दो दया माया राख्ने र नजान्ने, नबुझ्नेहरूलाई सिकाइदिने, बुझाइदिने आदि कार्य गर्नेलाई करुणा राख्ने भन्दछ। उदाहरणको लागि आमाको ममता सधैं आफ्ना बच्चाहरू माथि हुन्छ। त्यसैले बच्चा रोयो भने आमाको मन रूँछ। अनि बच्चालाई दूध खुवाउने गर्छिन्। यसरी नै दुःखीहरू देखेर आफ्नो मन रूने नै करुणा भएको कारणले गर्दा हो। दुःखीहरूलाई मद्दत दिन चाहने चित्त नै बोधिचित्त हो।

मुदिता के हो त? मुदिता भनेको अरूहरूको भलो भएको देखि खुसी हुन सक्ने चित्तलाई भनिन्छ। उदाहरणको लागि कसैले राम्रा कार्यहरूमा सफलता हासिल गर्न सक्यो भने त्यसलाई प्रसंशा गरी साँच्चिको राम्रो काम गऱ्यो, त्यस व्यक्तिले ठूलो सफलता प्राप्त गऱ्यो भनी मित्री मनदेखि आनन्दित हुन सक्ने गुणलाई मुदिता भनिन्छ। उदाहरणको लागि छोरा छोरीहरू जान्ने बुझ्ने भएर आएको देखी जाँचमा पास भएको देखी आमा-बुबाहरू मित्री मनदेखि खुसी भई आफ्ना छोरा छोरीको मेहनत सफल भयो भन्दै हर्षले विभोर हुन्छन्। यसरी मुदिता गुण भएको व्यक्तिले आफन्तहरू मात्र होइन अरूहरूको सफलतामा पनि आफ्नो सफलता ठानी खुसी साथ अनुमोदन गर्छन्। उनीहरूले अर्काले धर्म-चेतना राखी पुस्तक छापी धर्मदान गरेको देखी सो कार्यलाई आफ्नो मित्री मनदेखि साधुवाद दिंदै भन्छन्, "आहा! मज्जाले त्याग गऱ्यो, फाइदाको धर्म गऱ्यो।" यसो भन्न सक्नु नै मुदिता हो।

"उपेक्षा"—सुखमा पनि दुःखमा पनि तटस्थ रही जीविका गर्न सक्ने गुणलाई उपेक्षा गुण भनिन्छ। यसमा हामीले उपमा दिएर भन्ने हो भने आमा-बुबाले आफ्ना छोरा छोरीहरूबाट हुने गल्तीलाई सुधार्ने कोशिस गर्छन्, तर अज्ञानी छोरा छोरीहरूले उल्टो आमा-बुबा-हरूलाई दुःख दिएपनि तिनीहरूप्रति उपेक्षा भाव राखी सहने गुण आमा-बुबाहरूमा हुन्छ। उनीहरूसँग आफ्ना छोरा छोरीहरूले दुःख दिएकोमा बदला लिने भावना हुँदैन। यसरी आफ्ना छोरा छोरीहरूमाथि मात्र होइन सामूहिक कार्यहरूमा पनि उपेक्षा गुण भएको व्यक्तिसँग बोधिचित्त भएको ठहरिन्छ। त्यसैले उपर्युक्त ४ वटा विशेष गुण भएको व्यक्तिलाई बोधिचित्त भएको व्यक्ति भन्न सकिन्छ।

हरेक कार्य क्षेत्रमा राम्रो र खराब कार्य छुट्याई राम्रो कार्यमा मन प्रसन्न पारी काम गर्ने चित्तलाई बोधिचित्त भनिन्छ। हामीसँग पनि बोधिचित्त उत्पन्न गर्ने इच्छा छ भने जहिले पनि बहुजन हिताय, बहुजन सुखाय कार्यमा लाग्नु जरूरी छ।

भगवान बुद्धसँग बोधिचित्त सक्रिय भैरहेको प्रमाण उहाँको राम्रो व्यवहारले देखाइरहेको छ। सबै प्राणीहरूलाई दुःखमय जीवनबाट मुक्त गर्ने उहाँको मनसाय देखिन्छ। दुःख र चिन्तामय जीवनबाट मुक्त हुनु नै निर्वाण हो। अविद्या र तृष्णाको अन्त भएपछि मात्र निर्वाण लाभ हुनेछ।



Downloaded from http://www.dhamma.digital

बोधिचित्त भएको व्यक्तिले आफू एक्लै मुक्त हुने इच्छा गर्दैन । आफू एक्लैले सुख भोग्ने इच्छा त्यागी अरू दुःखीहरूलाई पनि उद्धार गर्ने इच्छा राखी खराब काम गर्ने व्यक्तिहरूलाई सो काम गर्नबाट रोकी उनीहरूको बानी सुधार्ने कार्य गर्दछ । आफूमा पनि बोधिचित्त जगाउने इच्छा गर्ने हो भने अल्छी र स्वार्थी हुनु हुँदैन । वीर्य र क्षान्ती पारमिता पूरा गर्नुपर्छ । अर्काको सफलतामा ईर्ष्यालु हुनेहरू र दुःखीहरूलाई उपकार र सहायता दिन नचाहनेहरूले बोधिचर्या पालन गर्न सक्दैन । नाम कमाउने आशाले मात्र धर्म कार्य गर्नेहरूको चित्तमा पनि बोधिचित्त पलाउन सक्दैन ।

अब सजिलो तरिकाले बोधिचित्त उत्पन्न हुने उपायतिर एक पटक सोचौं । बाटोमा गइराखेको बेला कांडाको वा कांचको टुक्रा देख्ने बित्तिकै त्यसलाई बीच बाटोबाट टिपी एक कुनातिर पन्छाउने कार्य गर्न सक्ने व्यक्तिसँग बोधिचित्त पलाएको देखिन्छ ।

बिहान सबेरै पिशाबले भरेको भाँडो झ्यालबाट निकाली पिशाब पर्याँक्ने बानी नहुनु पनि बोधिचित्त भएको लक्षण हो । पिशाब मात्र होइन घरको फोहर मैला बाटोमा फाल्ने बानीलाई त्याग्नु पनि बोधिचित्त उत्पन्न गर्ने उपाय हो । त्यति मात्र होइन अर्काको निन्दा चर्चा गरी दिन बिताउने बानि त्याग्नु पनि बोधिचित्त-लाई स्थान दिएको चिन्ह हो ।

बोधिचित्तको मूल उद्देश्य नै आफूमा असल ज्ञान उत्पन्न गर्नु, खराब बानी त्यागी राम्रो बानी बसाल्नु हो । आफू एक्लैको मात्र हीत गर्नेतिर नलागी अर्काको पनि हित हुने कार्य गर्दै जाने आदि कुरा बुझ्न सक्नु नै बोधिचित्तको लक्षण हो ।

अनुवादक – अ. वीर्यवती

---

# छलफल

– मेघदूत

आज त धेरैजसो सदस्यहरू ठीक समयमा नै उपस्थित भएको देखियो । यसलाई राम्रै उपलब्धी भन्न सकिन्छ । किनभने यसरी नै अन्य कार्यक्रमहरूमा पनि ठीक समयमा उपस्थित भई आवश्यक काम कारवाहीहरू र कार्यक्रमहरू समयमा नै संचालन गर्न सके "नेपाली टाइम" भन्दै खिस्याउँदै भनिने ठट्यौली उखान हराएर जानेछ ।

एकजना श्रद्धालु उपासकले आफ्नो गुनासो पोख्दै प्रश्न गरे—"होइन, भिक्षुहरूले पहिले स्वीकार गरिराखे-को दाताहरूको निमन्त्रणालाई पन्छाई अन्य दाताहरूको निमन्त्रणालाई स्वीकार गर्ने कार्यलाई ठीक मान्न सकिन्छ र ?"

अर्का एकजना महानुभावले आफ्नो विचार व्यक्त गर्दै भने—"बुद्धको शिक्षा अनुसार त्यसो गर्न त नमिल्ने हो । नियमानुसार नै काम गर्ने हो भने पहिले निमन्त्रणा गरेको दाताको अनुमति लिन सके मात्र अर्को निमन्त्रणा स्वीकार गर्न सकिन्छ । यसमा दाता बन्ने उपासक उपासिकाहरू बीच परस्पर समस्या बुझिदिने क्षमता हुनु आवश्यक देखिन्छ । वर्षको एक पटक मात्र दान कार्य गर्न खोज्ने व्यक्तिको इच्छा पूर्ति गराउनको लागि अर्को दाताले त्यो एकदिनलाई आफूले त्याग गरी मुदिता चित्त (प्रसन्न मन) उत्पन्न गर्न सके त्यो दान महादान हुन सक्छ । किनभने यस कार्यले दुबै दाताको चित्त प्रसन्न हुनेछ । तर भरसक पहिले स्वीकार गरेको निमन्त्रणालाई नपन्छाउनु नै धेरै राम्रो र धर्मानुकूल हुने देखिन्छ ।"

एकजना नयाँ सदस्यले सोधे—"भन्ते भन्ने शब्दको अर्थ के होला ? महास्थविर अमृतानन्दले लेख्नु भएको बुद्धकालीन गृहस्थीमा अनाथपिण्डक महाजनलाई



Downloaded from http://www.dhamma.digital

पनि भन्ते भनेर नै सम्बोधन गरिएको देखें। तर हामी-कहाँ भिक्षुहरूलाई मात्र भन्ते भनेर नै सम्बोधन गर्ने चलन छ। उत्तर आयो—"राम्रो प्रश्न गर्नुभयो तपाईंले "भन्ते" शब्द भिक्षुहरूलाई मात्र सम्बोधन गर्ने शब्द होइन। यसको अर्थ माननीय र स्वामी हो। नोकरले मालिकलाई सम्बोधन गर्दा "भन्ते" भन्ने शब्द प्रयोग गरिन्थ्यो। तसर्थ लेखहरू लेख्दा भिक्षु शब्द प्रयोग गर्नुपर्ने ठाउँमा "भन्ते" शब्दलाई प्रयोगमा ल्याउनु ठीक देखिदैन। किनभने यो "सम्बोधन शब्द" हो।

अर्को एकजना विद्वान उपासकले सोधे—"मैत्री भावना पनि गरिरहने रे, फेरि मासु पनि खाइरहने रे। यो कतिको मनासिब कुरो हो?"

उत्तर—"भगवान बुद्धले त जीवित प्राणीहरूमा मैत्री राख्ने शिक्षा मात्र सिकाउनु भएको छ। मरेको प्राणीप्रति पनि मैत्री गर भनेर भन्नुभएको छैन। पसलमा र होटलहरूमा किन्न पाइने मासु कुनै जीवित प्राणी त होइन। तैपनि मासु नखाएको नै राम्रो हुन्छ। फेरि आफूले मासु नखाँदैमा मासु नखाने व्यक्तिहरूले मासु खाने व्यक्तिहरूप्रति द्वेष र घृणा गर्नु पनि ठीक लाग्दैन। किनभने यसरी घृणा उत्पन्न गर्दा आफूसँग केही मात्रामा भइरहेको मैत्री पनि हराएर जान्छ।"

भिक्षु बनिसकेको एकजना पुरानो उपासकले आफ्नो विद्वता देखाउँदै प्रश्न गर्न थाल्यो—"मज्झिम निकाय ग्रन्थको धम्मदायाद सूत्रमा भगवान बुद्धले स्पष्ट रूपमा भन्नुभएको छ—लाभ सत्कारमा आसक्त नभइकन धर्म आचरणमा लाग्नु पर्छ, लाभ सत्कारको बाटो अर्कै छ, निर्वाणको बाटो अर्कै छ भनेर। तर आजभोली भिक्षुहरू लाभ सत्कारमा मात्र बढी भुलेको देखिन्छ।"

यो कुरो सुनी एकजना भिक्षुले उत्तर दिनुहुँदै भन्नुभयो—"कुरो त ठीक गर्नुभयो, भिक्षुहरूमा लोभ बढेको छ। तर लाभ सत्कार दिलाउने व्यक्तिहरू त गृहस्थीहरू नै हुन् नि। किनभने दान दिने कार्य त उपासक उपासिकाहरूले नै गरिरहेका हुन्छन्। दान दिने व्यक्तिहरूमा पनि कोही परोपकार चित्तले दान दिने गर्छन् भने कसैले आफूलाई दानपति कहलाउनका लागि मात्र दान दिने गर्छन्। कोही दाताहरू त स्वर्ग पुग्ने लोभले पनि दान दिइरहेका देखिन्छन्।

तर बुद्ध शिक्षालाई राम्ररी अध्ययन गरी दान दिने हो भने दाताहरूले त्यागी भिक्षु भिक्षुणीहरूलाई आवश्यक परिराखेका उपयोगी चीजहरू दान दिने गर्नुपर्छ। जसले गर्दा बुद्ध शिक्षा अध्ययन गरिराखेका र बुद्ध शिक्षालाई प्रचार प्रसार गरिराखेका भिक्षु भिक्षुणीहरूले आफ्नो पवित्र कार्यहरूलाई अगाडि बढाउन सकोस्। तर यस्तो विषयमा उपासक उपासिकाहरूले ध्यान दिन सकेको देखिंदैन। त्यसैले यस क्षेत्रमा त्यागीहरूको मात्र दोष होइन गृहस्थीहरूको पनि कमजोरी देखिएको छ। यसरी त्यागी पक्षको मात्र कमजोरीलाई खोजिराख्नु नै आफूमा मैत्री चित्तलाई हटाउँदै जानु हो। फलस्वरूप उसको मनले शान्ति पाइराखेको हुँदैन। धार्मिक कार्य नै मानसिक शान्ति प्राप्त गर्नको लागि हो।

भिक्षुहरूले पनि यस विषयतर्फ अलि गहिरिएर सोच्नु पर्ने हो। किनभने शुद्धि र अशुद्धि आफैबाट हुने कुरो हो। अप्रसन्न रही मानसिक शान्ति पाउन नसकेका व्यक्तिहरूको मनलाई प्रसन्न पारी शान्ति दिलाउने कर्तव्य त्यागीहरूको हो।"

आज त अबेर पनि भइसक्यो। अब अरू धेरै छलफल नगरौं। धेरैजसो प्रश्न त अमैत्रीकै विषयमा उठेको देखियो आज। त्यसैले आज अलि नमज्जा लाग्यो। आजलाई यतिकैमा छलफल टुंग्याऔं। 卐



Downloaded from http://www.dhamma.digital

# चित्त एकाग्रता

– भिक्षु अश्वघोष

गौतम बुद्धले दुःखबाट मुक्त हुने अर्थात शान्तिको बाटो आठवटा बताउनु भएको थियो। तीमध्ये सबैभन्दा पछिल्लो बाटो हो सम्यक समाधि अर्थात् ठीकसँग चित्त एकाग्रता हुनु। चित्त एकाग्रता भनेको त चोरमा पनि छ। अर्काको वस्तु चोर्नलाई चित्त खूब एकाग्रता हुन्छ। यो सम्यक समाधि नभएर मिथ्या समाधि हुन्छ। राम्रो काममा चित्त एकाग्र हुनुलाई सम्यक समाधि भनिन्छ। विपस्सना ध्यान अभ्यास गरेर तालीम प्राप्त भएपछि चित्त बलियो हुन्छ। अनि समाधि बलियो हुन्छ। समाधि बलियो र शुद्ध भएपछि आ-आफ्नो संस्कार छोड्दै लानुपर्छ। कुसंस्कार (बानि) धेरै डरलाग्दो छ। त्यसैले आसक्त हुने बानि भनेको कुनै पनि लाभप्रद छैन।

सम्यक समाधि भएपछि महत्वाकांक्षी, पदलोलुप अर्काको दोष खोजी हिंड्ने र धेरै कुरा गर्ने बानि हुँदैन। समाधि बलियो भएपछि सुख–दुःख; निन्दा–प्रशंसा, लाभ-हानीदेखि निराश भएर विचलित हुँदैन। यस्तो समाधि महापुरुषमा मात्र पाइन्छ। बुद्धमा भएको कुरा पालि साहित्यले उल्लेख गरेको छ। भगवान बुद्ध पनि अष्टलोक धर्म (निन्दा, प्रशंसा, लाभ–अलाभ आदि) बाट बच्न सक्नु भएन। यसबारे सत्यनारायण गोयन्काज्यूले व्याख्या गर्नुभएको यहाँ उल्लेख गर्नु उचित ठान्दछु। बुद्ध जीवनी अनुसार बुद्धले धेरै नै निन्दा र अपमान सहनु पर्ने घटनाहरू घटे। बुद्धलाई भएको लाभ सत्कार देखेर तीर्थङ्करहरूले सहन सकेनन्। डाह र ईर्ष्याले छटपटिएका अबौद्धहरूले के के गरेर बुद्धको बदनाम गर्ने भन्ने विषयमा षडयन्त्र रच्न सल्लाह गरे।

एकजनाले भन्यो– बुद्धले के बिगारिरहेको छ भनेर विरोधी हुने हामीहरू ?

जवाफ आयो– बुद्धले शीलको कुरा बताइ-रहेको छ। शील भनेको के ? सदाचार हो। यो त राम्रै कुरा हो। यो त हामीलाई पनि चाहिने कुरा हो। यस कुरामा बुद्धको विरोध गर्ने ठाउँ छैन।

अर्को दोष के छ ? जसबाट बुद्धको प्रभाव नाश गर्न सकौं।

बुद्धले समाधिको उपदेश दिइरहेको छ। समाधि भनेको के हो ?

जवाफ आयो– चित्त एकाग्रता। यो पनि राम्रै कुरा हो। यसलाई लिएर हामीहरू बुद्धको विरोधी हुनु हुँदैन।

अर्को के छ बुद्धको दोष ?

बुद्धले प्रज्ञाको कुरा बताइरहनु भएको छ। प्रज्ञा भनेको के हो ?

जहिले पनि होश राखेर, सतर्क भएर, राम्रोसँग बुझेर काम गर्दै लाने। यो त झन राम्रो कुरा हो। यसमा हामी विरोधी हुनु हुँदैन।

अरू कुनै दोष छ बुद्धको ? केही छैन। उसो भए यो काम (बुद्धको निन्दा गर्ने काम) सफल हुँदैन।

सम्यक समाधि नभएको कारण डाह र ईर्ष्याले छटपटिएका तीर्थङ्करहरूले अठोट गरे कि केही न केही गरेर बुद्धको बदनाम नगरी भएन। एउटी राम्री तरूनी केटीलाई पैसा दिएर, तालीम



Downloaded from http://www.dhamma.digital

गराई दिन दिनै बुद्धकहाँ पठाइ दिए। तिनी खुब नकल झकल गरेर जाने गर्थिन्। अनि शहरमा कराउँदै हिंड्थिन्– मेरो कस्तो भाग्य! कस्तो मोज? जेतवन विहारमा सुत्ने म। ती स्त्री (चिंचामाणविका) ले विस्तारै पेटमा कपडाले बेरेर पेट ठूलो पार्दै लगिन्। नौ महिना भएपछि पेटमा काठको टुक्रा (मासु काट्ने अचानो) राखेर कपडा कसेर तिनी विहारमा गइन्। त्यो दिन धेरै भिक्षु, भिक्षुणी, उपासक, उपासिका, अनाथपिण्डिक, विशाखा, महाउपासिका, प्रसेनजीत राजा बन्धुल सेनापति सबै जना थिए। बेइज्जत गर्ने मौका यही हो भनी बुद्धको अगाडि बसेर उनीले भनी– गौतम, तपाइँ उपदेश मात्र गरिरहनु हुन्छ। यो जन्मिने बालकको लागि केही गर्न पर्दैन? प्रसेनजीत राजा, विशाखा जस्ता उपासक–उपासिकाहरू छन् तिम्रो। केही न केही बन्दोबस्त गरी देऊ। बच्चा जन्मिने बेला भयो।

बुद्ध कति पनि हडबडाउनु भएन। गम्भीरतापूर्वक मधुर हाँसो हाँस्दै बुद्धले भन्नुभयो– तिमीले के भन्न आएको? मेरो दोष छ, छैन कि त मलाई मात्र थाहा छ। कि त तिमीलाई मात्र थाहा छ।

चिंचामाणविका कूठो आरोप लगाउन आएकी भएकोले त्यहीं मूर्छा भइन्। कमरमा बाँधिराखेको कपडा खुकुलो भयो। तिनी गर्भिणी थिइनन्। पेटमा काठको टुक्रा राखेर गर्भिणी जस्तै भएर आएकी थिइन्। षडयन्त्र असफल मात्र होइन। तिनीहरूको कुनियतको भण्डाफोर पनि भयो।

भारद्वाज ब्राह्मणको कान्छा छोरालाई विवाह गरिदिएको दुलही बुद्धमार्गी महिला थिइन्। उनी बुद्धकहाँ गएर चित्त एकाग्र हुने समाधि साधना आनापानसति अर्थात् आश्वास र प्रश्वासमा होश राखिरहने भावना लिएर अभ्यास गरिरहेकी थिइन्।

भारद्वाज ब्राह्मण मानिसहरूको पाप कटाउनलाई बोका आदि पशुहरू होम गर्ने गर्थे। सबैजना पशु होम गरेको ठाउँमा बसिरहे। नयाँ दुलही त्यहाँ गइन्। टाढै एक ठाउँमा बसेर आनापान स्मृति भावना गरिरहिन्। ससुरा भारद्वाज ब्राह्मणले भने– ए दुलही! तिमी त्यहाँ के गरिरहेकी? यहाँ आऊ पाप हटाउन।

नयाँ दुलहीले भनिन्– मलाई यहीं हुन्छ। मलाई यहीं आनन्द छ। म पनि यहाँ बसेर चित्त परिशुद्ध गरिरहेछु।

के भनेको? आँखा चिम्लेर श्वास फेरेर कसरी चित्त शुद्ध हुन्छ? कसले भनेको यो?

बुद्धले भन्नुभएको।

बुद्धकहाँ गएर दिक्षा लिएर आएको? श्रमण गौतम जन्म लिन नपर्ने कुरा बताउने, सन्तान नहुने काम गरिरहेको बुद्धकहाँ गएर दिक्षा लिएर आएको होइन? लौ बर्बाद भयो। छोरालाई बोलाएर भन्यो– तिम्री स्वास्नी त बुद्धको उपासिका रहिछ। त्यस्तो काम गर्ने नास्तिक बुद्धलाई बेसरी गाली गरेर आउनु।

छोराचाहिं पनि खुब रिसाएर बुद्धकहाँ गयो। त्यहाँ पुगेर बुद्धलाई साँढे, गधा, पशु भनेर बल छउञ्जेल गाली गर्‍यो। रीसले उसको मुख रातो भयो।

भगवान बुद्धले मुसु मुसु हाँस्दै भन्नुभयो– बाबु, तिमीलाई खूब रीस उठिरहेको जस्तो छ। आऊ, यहाँ बस एकछिन आनापानसति (साँस भित्र गयो, बाहिर आयो) ध्यान अभ्यास गर। रीस शान्त हुन्छ। चित्त एकाग्र हुन्छ। अनि थाहा



Downloaded from http://www.dhamma.digital

होला रीस किन उठेको । ल, आँखा चिम्ल । श्वास भित्र बाहिर भइरहेकोमा ध्यान देऊ । बुद्धले त्यति भन्नु हुनासाथ उसको रीस अलिकति शान्त भयो । चित्त एकाग्र हुँदै गयो । उसको मनले भन्यो– मैले बुद्धलाई गधा, पशु, साँढे भनेर त्यस्तरी गाली गरें । तैपनि श्रमण गौतम रिसाएनन् ।

उनले आँखा चिम्लेर "आनापानसति" भावना अभ्यास गर्दा महसूस गऱ्यो, मलाई कति रीस उठेको ? रीसले गर्दा आँखाले केही देखिन । मनमा डाह भयो । अब केही भएन । मन हलुका भयो । उसले बुद्धसँग सोध्यो– मेरो स्वास्नीले दिक्षा लिएर आएँ भनेकी पनि यही साधना हो ?

बुद्धले भन्नुभयो– हो, त्यसैले तिनको मन शान्त छ । तिमीलाई जस्तो रीस उठ्दैन । मैले पनि यही ध्यान भावना गरिरहेछु । त्यसैले तिमीले गाली गरे पनि मेरो चित्त दुखेन । रीस उठेन ।

"आहा ! यो त खूब उपयोगी छ । हितकर छ ।" त्यो खुशीभयो । घरमा गएर आफू पनि स्वास्नीसँग आँखा चिम्लेर भावना गर्न शुरु गऱ्यो ।

भारद्वाज ब्राह्मणले छोराले पनि आँखा चिम्लेर ध्यान भावनामा तल्लीन भएको देख्यो । ए, तँ पनि बुद्धकहाँ गएर बहुला भएर आइस् होइन ? स्वास्नीको फरियामुनि घुस्रिस् होइन ? बुद्ध कुमन्त्र र चटक गर्न जानेको छ भनेको साँच्चै हो रहेछ । अब म आफै गालि गर्न जान्छु भनेर राक्षसी स्वभावले त्यो बुद्धकहाँ गयो । गालि गऱ्यो "तँ चाण्डाल, कुमन्त्र गरेर मेरो छोरा–बुहारी दुबैलाई वशमा राखिस् होइन ? गधा, पशु, साँढे ।"

बुद्धले मुसु मुसु हाँसेर भन्नुभयो– "ए ब्राह्मण, म एउटा कुरा सोध्छु । तपाईंको घरमा कहिले काँहि पाहुना आउँछ ?"

ब्राह्मण– "आउँछ, किन आउँदैन । तँलाई केको वास्ता ? बुद्ध भएर धर्मको कुरा गर्नु कता ! कता ! ! यस्तो हो सोध्ने ?"

बुद्ध– पाहुनाहरूले केही न केही उपहार ल्याउने गर्छन् कि गर्दैनन् ?

ब्राह्मण– ल्याए पनि नल्याए पनि तँलाई के वास्ता ?

बुद्ध– "मलाई यस्तो कुरा पनि काम लाग्छ । भनन पाहूनाले कोसेली ल्याउने गर्छ कि गर्दैन ?"

ब्राह्मण– "ल्याउँछ । के बुद्ध भएर पनि थाहा छैन ? पाहुनाले उपहार ल्याउँछ भनेर ।"

बुद्ध– "त्यो उपहार तपाईंले स्वीकार नगरे पाहुनाले के गर्छ ?"

ब्राह्मण– "पाहुनाले नै लिएर जान्छ ।"

बुद्ध– तपाइँ पनि मकहाँ आएको पाहुना हो । तपाइँले गधा, पशु, साँढे उपहार लिएर आउनु भयो । त्यो मैले स्वीकार गरिन । तपाइँको साँढे, गधा, पशु तपाइँ नै लिएर जानुहोस् ।"

ब्राह्मणले पक्क परेर बुद्धको मुखमा हेरिरह्यो । कस्तो रहेछ बुद्ध, मैले त्यस्तरी गाली गर्दा पनि रिसाएन । झन नरम स्वरले करुणा र मैत्रीपूर्वक बोलिरह्यो । त्यसले बुद्धसँग सोध्यो– के भएर तिमी नरिसाइकन, चित्त नदुःखाइकन बस्न सकेको ?"

बुद्धले भन्नुभयो– तपाइँले पनि आनापानसति ध्यान साधना अभ्यास गर्नुहोस् । तपाइँले आफूलाई चिन्न सक्नु हुन्छ । रीस कहाँबाट आउँछ त्यो बुझ्न सजिलो हुन्छ । आफ्नो गल्ति आफैले देख्न सक्नु हुन्छ । अनि रीस उठ्ने छैन । सहन



Downloaded from http://www.dhamma.digital

सक्ने हुनुहुन्छ । मैले पनि आनापानसति ध्यान भावना गरिरहेकोले यसरी मुसु मुसु हाँसी रहन सकें । तपाईंले गरे पनि रीस उठ्दैन ।

भारद्वाज ब्राह्मणले पनि आँखा चिम्लेर आनापानसति भावना गर्न शुरू गऱ्यो । उसलाई होश आयो– मलाई के भएको भनेर । अघि मेरो मनमा शान्ति थिएन । रीसले चूर भएको थिएँ । चित्त चञ्चल थियो । एकाग्र पटक्कै थिएन । आहा ! अहिले कति आनन्द ! कति शान्ति ! कति चित्त एकाग्रता । खुशी भएर घर गयो । घरका सबै जहानपरिवारलाई आनापानसति (श्वास प्रश्वासमा होश राख्ने) ध्यान भावना गर्न सिकाइदियो । यज्ञ गर्न छोडेर पवित्र मानव बन्यो । उपर्युक्त घटनाहरूद्वारा सम्यक समाधि के भनेर बुझ्न सजिलो होला ।

भगवान बुद्धले आफ्नो मनलाई नियन्त्रण गरिसकेपछि मात्र सम्यक समाधि अरूलाई सिकाउनु भयो । आर्य मार्गको प्रतिपादन गर्नुभयो ।

***


## अनिच्चावत संखारा

जन्म दि–
बि. सं. १९६७ पौष



मदुगु दिं–
बि. सं. २०५३ फागुन

(दिवंगत ज्ञानतारा तुलाधर)

दुःख सत्य खः धका थुइका ध्यान भावनायात पूरा श्रद्धा व विश्वास दुम्ह निनी अःजि ज्ञानतारा तुलाधर मार्गफल ज्ञानयात साक्षात्कार याय् फयमाः ।

न्यू ताम्राकार हाउस
भोताहिती, काठमाडौं
फोन : २२१८२९




Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बिहार



## २०५३ फागुन २ गते, विपस्सना

यस दिन श्री नविन चित्रकारज्यूले बिपस्सना ध्यानबारे आफ्नो अनुभव बताउनु हुँदै भन्नुभयो— "ध्यान २ प्रकारका छन्। लौकिक र लोकोत्तर। यी २ मध्ये लोकोत्तर तथा विपस्सना ध्यानको लक्ष निर्वाण प्राप्ति वा मोक्ष प्राप्ति हो। तर आजभोलिको वैज्ञानिक युगमा बिपस्सनालाई निर्वाण प्राप्त गर्ने मार्गको रूपमा मात्र लिएर पुग्दैन। यसलाई विज्ञानको दृष्टिकोणले पनि हेर्न सक्नु पर्छ र बिपस्सना र बिज्ञान बिचको सम्बन्धलाई स्पष्ट पार्दै लान आवश्यक भएको देखिन्छ।"

चित्रकारज्यूले अनुभव बताउने क्रममा अगाडि भन्नुभयो—"चित्त एकाग्र गर्न सक्ने विपस्सना योगीले आफ्नो शरीरमा भइरहेको परिवर्तन स्वभावलाई प्रत्यक्ष अनुभव गर्न सक्नेछ। आफ्नो शरीरका प्रत्येक नसाहरूको संचालन कसरी भइरहेका छन् भन्ने बिषयमा अनुभव गर्छ। जसले गर्दा उसको नसामा रहेका कोषहरू सक्रिय भई रक्त संचारमा शुद्धता आउने हुन्छ। रक्त संचार शुद्ध भएपछि मगजका नसाहरू अरुबेलाभन्दा बढि संचालन हुनेछ। मगजको नसा जति बढि संचालन हुन्छ, त्यति नै उसको बिचार सक्रिय र शुद्ध हुनेछ। ठीक तरिकाले विचार गर्न सक्ने व्यक्तिको दृष्टि सुध्रिने हुन्छ। बिपस्सना ध्यानीका हरेक कृयाकलापहरू आर्यअष्टाङ्गिक मार्ग भित्र नै पर्ने हुनाले बिपस्सना ध्यानी अप्रत्यक्ष रूपले सुमार्गमा बढिरहेको हुन्छ। जसले गर्दा त्यस व्यक्तिबाट अकुशल कर्महरू नगरिनु स्वभाविक नै हुन जानेछ।

## २०५३ चैत्र ६ गते, चार अगति

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय नियमित कक्षा अन्तर्गत यस दिन भिक्षु अश्वघोष महास्थविरले 'आर्यश्रावकले अगतिमा जाने चारवटा कर्म गर्दैन' भन्ने विषयमा प्रवचन दिनुभयो।

जुन व्यक्ति इच्छा, द्वेष, भय र मोहको बशमा बस्दैन, उसको यश शुक्लपक्षको चन्द्रमा झैं दिनहुँ उन्नति हुन्छ।

पूज्य भन्तेले अगाडी भन्नुभयो—"छन्द अथवा इच्छा, पक्षपात र तृष्णाको बशमा परी पाप कर्म गर्नाले मनुष्य अगतिमा पर्छ। त्यस्तै दोष अथवा रीसको बशमा परी शत्रुताको कारणले पाप कर्म गर्नाले पनि मनुष्य अगतिमा पर्छ। अगतिमा पर्ने अर्को कारण भय अथवा आफूलाई बदला लिने डरले गलत साक्षी बकेर गरिने कुकर्म पनि हो। यसरी नै मोह अथवा अज्ञानतामा आशक्त भई गरिने गलत कार्यले पनि मनुष्यलाई अगतितिर डोऱ्याउँछ।

अराजकता, अनैतिकता, भ्रष्टाचार इत्यादि कुसंस्कारले समाजलाई ग्रसित गरिरहेको आजको समयमा छन्द, द्वेष, भय र मोहबाट मनुष्यहरू मुक्त छैनन्। यसको पुष्टि गर्न श्रद्धेय भन्ते 'आफू राजा बन्ने इच्छाले पिता बिम्बिसारको हत्या गर्ने अजातशत्रुको उदाहरण प्रस्तुत गर्नुभयो। अन्त्यमा हामी पनि छन्द, द्वेष, भय र मोहको बशबाट टाढा रही आ-आफ्नो कर्तव्य पालन गर्न सकेमा मात्र व्यावहारिक जीवन सफल पार्न सकिन्छ भन्नुहुँदै प्रवचन टुंग्याउनु भयो। कमलमुनी शाक्यद्वारा संचालित यस कार्यक्रममा सभापति रमेश ताम्राकारले भन्नुभयो—बुद्ध धर्म अध्ययन गरेर अनुसन्धान गर्ने र व्यवहारमा उतार्नेतिर ध्यान दिनु आवश्यक छ।



Downloaded from http://www.dhamma.digital

## बुद्ध धर्म प्रचारकोमाध्यम संघबाद

### २०५३ चैत्र १६ गते, धर्मकीर्ति विहार

यस दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रममा भिक्षु कोण्डञ्ञले "बुद्ध धर्म प्रचारको माध्यम संघबाद" विषयमा प्रवचन दिनुहुँदै बुद्ध जीवनी र बुद्धले लाभ गर्नु भएको बोधिज्ञानलाई कुन माध्यमले जनसमक्ष प्रचार गर्ने भन्ने विषयमा चर्चा गर्नुभएको थियो ।

उहाँले अगाडि भन्नुभयो—"बुद्धले बहुजन हितको लागि गृहत्याग गर्नुभयो । थुप्रै विद्वानजनहरूको संगत पनि गर्नुभयो । तर पनि उहाँ सन्तुष्ट हुनु भएन । यो तीन हातको शरीरभित्र रहेको मन र शरीरको स्वभाव हेरेर ज्ञान लिनको लागि आफूभित्र अनुसन्धान गर्न तपस्या गरी मनलाई आफ्नो बशमा राख्ने अभ्यास गर्नुभयो । ज्ञान प्राप्त गरिसकेपछि बुद्धको मनमा आफूले प्राप्त गरेको ज्ञान साधारण मानिसहरूले बुझ्न सक्ने हो वा होइन भन्ने विषयमा अन्तरद्वन्द्व हुनथाल्यो । यसरी मनमा अन्तरद्वन्द्व भएपनि उहाँ आशावादी नै भएर बुझ्न सक्ने क्षमता भएका व्यक्तिहरू छानी छानी उनीहरूलाई शिक्षा दिनु हुँदै जम्मा ६१ जवान व्यक्तिहरूको समूह मिलाई संघको स्थापना गर्नुभयो । तल्लो जातका मानिसहरू मात्र त्यागी बन्छन्, खान नपाई भौतिक सुख सुविधा उपभोग गर्नका लागि मात्र त्यागी बन्ने र काम गरेर खान अल्छी हुने व्यक्तिहरू मात्र त्यागी हुन्छन् भन्ने मानिसहरूको मनमा गलत धारणा नपसोस् भन्ने उद्देश्य राखी बुद्धले शुरु शुरुमा उच्च जातीका, धनीपरिवारका ब्राह्मण कूलघरानका व्यक्तिहरू र राजपरिवारका सदस्य-हरूलाई संघमा सम्मिलित गराउनु भयो । यसरी हामीले पनि जनमानसमा धर्म प्रचार गर्ने माध्यमको लागि बुद्धको दूरदर्शितालाई कदर गरी यसबारे पनि विचार पुऱ्याउनु आवश्यक देखिन्छ । किनभने समाजका प्रतिस्थित व्यक्तिहरू र मुख्य मुख्य ठाउँहरूमा आएको परिवर्तनलाई जनसाधारणले अनुकरण गर्न मनपराउँ-छन् ।"

धर्म प्रचारको माध्यमको रूपमा संघले ध्यान पुऱ्याउनु पर्ने विषयमा औंल्याउनु हुँदै उहाँले भन्नुभयो— "बुद्धले संघको सम्पत्ति व्यक्तिगत हुँदैन साझा हुनुपर्छ भन्नुहुँदै भिक्षु संघमा नियम बनाउनु भएको थियो । तर यसलाई व्यवहारमा राम्ररी ल्याउन नसकिराखनुमा संघको पनि दोष देखिएको छ । बुद्ध कहिल्यै दोषी हुन सक्दैन । धर्म पनि कहिल्यै दोषी हुन सक्दैन ।"

धर्म प्रचार माध्यममा आएको कमजोरीलाई देखाउनु हुँदै उहाँले फेरि भन्नुभयो—"नेपालमा थेरवाद बुद्ध धर्मको प्रचार कार्यले कछुवा गति लिनुको मुख्य कारण भिक्षुहरू र समाजको बीचमा परस्पर समन्वयको कमी पनि हो । त्यति मात्र होइन यहाँ गृहस्थीहरूले आ-आफ्ना पुराना संस्कारहरूलाई त्याग्न नचाहनु र कोही कोही गृहस्थीहरूले त्यागीहरूलाई आफ्नो अधीनमा राखी धर्म प्रचारको माध्यम बनाउन खोज्नु पनि अर्को मुख्य कारण बन्न गएको देखिन्छ । जबकि अन्य बौद्ध देशहरूमा त्यागी र उपासक उपासिकाहरूका बीच परस्पर सहिष्णुता र समन्वय हुन सकेको कारणले छिटो र निरन्तर रूपले धर्म प्रचार हुन सकेको छ ।"

समाजले जातिय समानतालाई मुखले खूब प्राथमिकता दिई जोड दिने गर्छन् । तर यसलाई व्यवहारमा प्रयोग गर्न भने सकिराखेको छैन भन्नुहुँदै उहाँले भन्नुभयो—"व्यापार संघ संस्थाहरूको बीचमा प्रतिस्पर्धा हुने गर्छ र हुनु पनि पर्छ । तर धार्मिक संघ संस्थाहरूको बीचमा प्रतिस्पर्धा भयो भने त्यहाँ समस्या



Downloaded from http://www.dhamma.digital

उत्पन्न हुने गर्छ। सबै धार्मिक संघको उद्देश्य बुद्ध धर्मलाई जनमानसमा लैजानु हो। जसरी विभिन्न ठाउँबाट नदी, खोला र ढल आदि बगेर समुद्रमा मिल्ने गर्छ, समुद्रमा पुगेपछि कुन खोला, कुन नदी, छुट्टाउन नसकी सबै समुद्रको रूपमा परिवर्तन हुन पुग्छन्। त्यसरी नै हामीहरू पनि विभिन्न ठाउँबाट आई जम्मा भएका छौं। हाम्रो बीच कोही ठूला साना भन्ने छैन। सबै समान छौं भन्ने भावनाले सोच्नु पर्दछ।"

भौतिकतामा रूमल्लिएर आध्यात्मिक ज्ञान प्राप्त गर्ने कार्य त्यति सजिलो काम होइन भन्नुहुँदै प्रवचनको अन्त्यमा उहाँले भन्नुभयो—"धर्म प्रचार गर्ने काम संघको हो। संघमा समस्या पक्का नै आउँछ। तर समस्या आयो भन्दैमा निराशा हुनु ठीक होइन। यसलाई परस्पर सरसल्लाह गरी समाधान गर्ने उपाय खोज्नुपर्छ। बुद्धले बहुजन हीत र बहुजन सुखका लागि धर्म प्रचार गर्ने उद्देश्यले निराशालाई पन्छाई आशाबादी बनी संघको स्थापना गर्नुभए जस्तै हामीले पनि बुद्धको यस शिक्षालाई हृदयङ्गम गरी समस्या भएपनि आशाबादी बनी धर्म प्रचार कार्यको लागि संघलाई बरिलो बनाउनु परेको छ।''

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा नयाँ पदाधिकारीहरू :—

२०५३ चैत्र १६ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यकारिणी समितिको पुनर्गठन भयो। अ. धम्मवतीको सभापतित्वमा भएको एक बैठकमा आगामी ३ वर्षको निमित्त गठित कार्यकारीणी समितिका पदाधिकारीहरू यसप्रकार छन् :—

धर्मानुशासक : भिक्षु अश्वघोष महास्थविर
अध्यक्ष : अ. धम्मवती (भिक्षुणी)
उपाध्यक्ष : अ. वीर्यवती
उपाध्यक्ष : अगम्परत्न कंसाकार
सचिव : अरूण सिद्धि तुलाधर
सह-सचिव : बिकासरत्न तुलाधर
कोषाध्यक्ष : मिनशोभा शाक्य
सह-कोषाध्यक्ष : तारा डंगोल
सदस्य : अमृतरत्न ताम्राकार
सदस्य : सोभियत रत्न तुलाधर
सदस्य : कीर्ति तुलाधर
सदस्य : इन्द्रकुमार नकर्मि
सदस्य : स्वयम्भूरत्न तुलाधर
सदस्य : राम महर्जन

सल्लाहकारहरू :-

१. अ. मा. गुणवती
२. सानुरत्न स्थापित
३. लोकदर्शन वज्राचार्य
४. माणिकरत्न कंसाकार
५. बरबेश मानन्धर

## २०५३ चैत्र १९ गते, बुद्ध पूजा र प्रवचन

धर्मकीर्ति विहारमा धेरैवर्ष अगाडिदेखि नियमित रूपमा संचालन हुँदै आएको साप्ताहिक बुद्ध पूजा कार्यक्रम अनुसार यस दिन पनि शील प्रार्थना र त्रिरत्न गुणानुस्मरण गरी कार्यक्रम शुरु गरियो।

सो दिन भिक्षुणी धम्मवतीले प्रवचन दिने क्रममा चैत्य स्थापना गर्नुको महत्व र अष्टलोक धर्म (निन्दा, प्रशंसा, यश, अयश, सुख, दुःख, लाभ र अलाभ) बाट आफ्नो चित्त कम्प नगरिकन बस्न सक्ने व्यक्तिले मात्र आफ्नो भौतिक र आध्यात्मिक जीवनलाई सुधार्न सक्ने विषयमा प्रकाश पार्नुभएको थियो।



Downloaded from http://www.dhamma.digital

## २०५३ चैत्र २५ गते, बारबार गल्ति गर्नु हुन्न

साप्ताहिक बुद्ध पूजा र प्रवचन कार्यक्रम अनुसार यस दिन शील प्रार्थना र बुद्ध गुणानुस्मरण पछि भिक्षुणी धम्मवतीबाट प्रवचन कार्यक्रम शुरु भएको थियो। प्रवचन दिने क्रममा उहाँले भन्नुभयो—"यस संसारमा मानिसहरूले जानेर पनि नजानेर पनि आफ्नो मनको बसमा परी खराब र अतल कार्यहरू मिसाउँदै एक पछि अर्को गरिरहेका हुन्छन्। त्यसैले मोक्ष प्राप्त नहुञ्जेलसम्म मानिसहरूबाट ठूला वा साना गल्ती कार्यहरू हुन सक्छ। गल्ती हुन सक्छ भन्दैमा आफूबाट गल्ती कार्य हुन गएको महशुस हुँदा हुँदै पनि त्यस गल्ती-लाई छोप्ने बानी जसले गर्छ, अर्थात् आफ्नो गल्तीलाई औंल्याइदिने व्यक्ति उपर नै जसले रीस गर्छ, त्यो व्यक्ति महामूर्ख हो र उ यस जीवनमा कहिल्यै सुध्रिन सक्दैन। त्यसकारण आफ्नो अमूल्य मनुष्य जीवन सुधारी ज्ञान मार्गतिर लाग्ने हो भने हामीले आफूबाट हुन पुगेका गल्तीहरू एक एक गरी केलाई त्यस गल्तीहरू स्वीकार्ने बानी बसाल्नु पर्‍यो र यस्ता गल्तीहरूलाई फेरि फेरि पनि आफूबाट हुन नदिन हरेक पाइलामा होश पुर्‍याई सतर्क रहन सक्नु पर्‍यो।"

× × ×

### २०५३ साल फागुन ४ गते शनिबार पूर्वाराम विहार धुलिखेलस जूगु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक भेलास सचिव भाजु प्रगम्यरत्न कंसाकारजुं न्ह्यब्वया दीगु वार्षिक प्रतिवेदन :–

थुगु दँ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी २५ गू स्वाँयापुंन्ही पूवंकूगु लसताय् थी थी रचनात्मक ज्याझ्वः याना तःजिक हनेगु खँ क्वज्यूकथं गोष्ठीया सम्पूर्ण कुतः केन्द्रीत जुल।

रजत जयन्तीया उपलक्षस गोष्ठीया आज्जु कथं ल्वयेक थी थी समाज उपयोगी ज्याझ्वः पितबिया थःगु अस्तित्व खिसि लाकेगु न्हापांगु ज्याझ्वः कथं नेपाले हाल विद्यमान स्वंगू यानत "थेरवाद, महायान, बज्रयान बिचे समानता" विषयक प्रवचन गोष्ठीया आयोजना जुल गुकी स्वंगूलि यानया विद्वानत छगूहे दबुलिइ थने दत। थुकीं हरेक यान दुने जिंपि तधं, छिंपि चिधं धंगु भावना म्हो याना स्वंगूलि यान छम्ह हे तथागत बुद्धपाखें प्रतिपादित धर्म खः, लँपु जक पाःगु खः, जिंपि छिंपि धयागु मदय्का शुद्ध बुद्ध धर्म विकास व अभिवृद्धिइ तिबः ब्यूगु तायेका। थुकी भाग कयादीपिं थेरवादपाखें डा. केशवमान शाक्य, महायानपाखें ग्येश्ये लामागुरु थुप्तेन तासि व बज्रयानपाखें पंडित बद्रिरत्न बज्राचार्य व संयोजक जुयादीम्ह जः भाजु मदनरत्न मानन्धर खः। वस्पोलपिं। वय्‌कपिं सकलें साधुवादया पात्र खः नापं लिपा लिपानं थज्यागुहे ग्वहालिया अपेक्षा याना।

अथे हे मेगु रचनात्मक व स्येल्लागु ज्याझ्वः कथं तःधंक स्वास्थ्य शिविर सम्पन्न जुल। युवा खेलकूद तथा संस्कृति मन्त्रीपाखें उद्घाटन जूगु उगु शिविरय् विभिन्न ल्वय जाँचेयासें सितिकं वासः इनेगुनं ज्या जुल। थुकी विहार दुने व पिनेयापिं याना प्यलांनिसें ९९ दँ दुम्ह मनूत तक्कं जम्मा ५२० म्ह लाभान्वित जुल। रजत जयन्तिया अवसरे मानविय भावना ब्वलंके फुगु थज्यागु ज्याय् ग्वहालि याना दीपिं डाक्टर, नर्स, प्राविधिकत, वासः सितिकं बियादीपिं थी थी कम्पनीत प्रमुखं संयोजिका मय्‌जु रेणु स्थापितनं साधुवादया पात्र खः। वय्‌कपिंपाखें हाकनं हाकनं थज्यागु हे ज्याया आशा याना।

थ्वहे इवले "बुद्ध शासने मिसापिनि देन" विषयसं थी थी स्वम्ह विद्वान। विदुषी व्यक्तिपिंपाखें गुकथं शासन अभिवृद्धिया ज्या याना वन। च्वन धयागु विषयले बांलाक दुवाला भविष्ये म्हितेफैगु भूमिका बारे न्ह्यब्वयेगु ज्या जुल। थुगु परिप्रेक्षे पितृसत्तात्मक कीगु समाजे मिसापिनित न्ह्यब्वाकेगु, उमिगु मनोबल थकायगुली धर्मकीर्ति विहार नं छ्यला न्ह्योने लाना च्वंगु दु धयां अप्पो ज्वी मताया। कार्यपत्र न्ह्यब्वयादीपिं मय्‌जुपिं लोचनतारा तुलाधर, प्रफुल कमल ताम्राकार व डा. सुमन कमल तुलाधर खःसा अथे हे टिप्पणी याना-दीपिं भाजु विनयरत्न धाख्वाजु, मय्‌जुपिं अमिता धाख्वा व प्राध्यापक बासन्ति बज्राचार्य खः। थुकीया संयोजिका जः मय्‌जु रमा कंसाकार खः। वय्‌कपिं सकसितनं



Downloaded from http://www.dhamma.digital

साधुवाद साये हाकनं अज्यागु हःपाया मलसा कया। थुकी कार्यपत्र न्ह्योब्वया दीपिं मयजुपिं सकलें थ्व हे गोष्ठीया जःपिं खः।

अन्त्ये, रजत जयन्तिया मू समारोह माननिय जनसंख्या तथा वातावरण मन्त्री श्री प्रकाशमान सिंह जुया मू आतिथ्यय् अ० मा गुणवतीया सभापतित्वय् भव्य नक्सां सुसम्पन्न जुल। थुगु समारोहस का. म. न. पा. मेयर भाजु पि. एल. सिंहजु, ल. पु. उ. म. न. पा. या मेयर भाजु बेखारत्न शाक्यजु, म्यानमारया राजदूत भाजु ऊ खें मां-औं नापं आपालं बौद्ध संघ संस्थाया प्रतिनिधिपिसं ब्वति कयादिल। समारोहस विशेष पाहाँ पिसं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया भूमिकाया प्रशंसा यासे गोष्ठीयात भिन्तुना देछायगु लिस्सें भविष्ये नं ब्वातूगु स्वापू व सहयोगया आश्वासन प्राप्त जुल। थुकीं गोष्ठीयात फ्रीगु समाजे न्ह्-न्हूगु ज्या याना वनेगु होसला चूलागु दु। थुगु समारोहे अध्ययन गोष्ठी व धर्मकीर्ति विहारया भौतिक विकाश व थी थी कार्यक्रमे ब्वातूगु योगदान बियादीपिं सकसितं प्रसंसापत्र लःल्हायगु ज्या जुल। थुकी मा गुणवती गुरुमां (भिक्षुणी) यात विशेष कदर स्वरूप धर्मकीर्तिया प्रतिक व 'बर्मा-नेपाल विहार' निर्माणया निंतिं आर्थिक गुहालिनं प्रदान जुल।

अन्त्ये, रजत जयन्तिया ज्याझ्वः थुलि तःजिक हनेत खनेदयकं / मदयकं ग्वहालि याना बिज्यापिं / दीपिं भिक्षु, भिक्षुणी, (गुरुमांपिं) उपासक, उपासिकापिं, अध्ययन गोष्ठीया पासापिं, हरेक ज्याझ्वःले जलपानया व्यवस्था याना ग्वहालि याना बिज्यापिं / दीपिं, छगू छगू ज्याया मुक्कं जिम्मा कयादीपिं भाजु, मयजुपिं व रजत जयन्ति ज्याझ्वःया लागी माःगु कथं तिबः बिया च्वना-दीम्ह गोष्ठीया सल्लाहकार भाजु सानुरत्न स्थापितजुयात नं यक्को साधुवाद बियाच्वना। वयकपिनिपाखें सदां थज्यागु ग्वहालिया अपेक्षा याना च्वना।

रजत जयन्तिया मू ज्याझ्वः बाहेकं अध्ययन गोष्ठीया नियमित ज्याझ्वःतनं जुया हे च्वंगु जुल।

अध्ययन गोष्ठीया प्यंगू आज्जु (उद्देश्य) मध्ये बुद्ध धर्म थःम्हं अध्ययन यायगु ज्याझ्वः कथं हरेक शनिबारया कक्षा सुचारू कथं संचालन जुया च्वंगु दु। कक्षा कया ग्वहालि याना बिज्यापिं / वीपिं भिक्षु अश्वघोष, (भिक्षुणी) धम्मवती सहित सकल वुजःपिन्त साधुवाद बिया च्वना। थ्व बाहेकं पिनेयापिं बौद्ध विद्वानतपाखें कक्षा कायकेगु ज्या नं जुया हे च्वंगु दु। थुकी बर्मा बिज्याम्ह भिक्षु ऊ खे मिन्द, भाजु डेविड गेल्नरपिनं बुथ्या। अध्ययनया झ्वले नमोबुद्ध (नमूरा) या भ्रमण कार्यक्रमंनं छगू बांलागु अनुभव जूगु दु।

शनिबारया कक्षा व पुस्तकालय बारे सम्बन्धित संचालकपिसं जानकारी बियादी।

थ्व दंय् गां-गामे वना धर्म प्रचार याःवनेगु झ्वले पनौती काशिवर्ण बुद्ध विहारे (पनौती बुद्ध विहारे) अध्ययन गोष्ठीया ज्याझ्वः जुल। तर वर्षाया कारणं कोठाय् यायमाःगुलिं स्थानिय सहभागिता म्हो जूगु अप्पोसियां वाः चायकल।

देश विदेशया बौद्ध विद्वानपिन्त हनेगु, स्वागत सत्कार यायगु व वस्पोल / वयकपिनिपाखें बिचाः आदान-प्रदान यायगु झ्वले थुगुसी रजत जयन्तिया उपलक्षे अध्ययन गोष्ठीयात २५ दं तक्क मदिक्क उसिमचासे मगामचाथाय् माःकथं तिबः बिया च्वना बिज्याम्ह पूज्य मां गुणवती (भिक्षुणी) यात विशेष कथं हनेगु झ्वले वस्पोलयात दुई तर्फि हवाई टिकट सहित थुगु ज्याझ्वःले ब्वने फुगु अध्ययन गोष्ठीया निंतिं तःधंगु लसताया खँ खः। नापं रजत जयन्तिया मू समारोहसं वसपोलयात धर्मकीर्तिया प्रतिक स्वरूप वहया लोगो उपहार दोहलपिगु ज्या जुल। नापं वस्पोल लिसें बिज्यापिं / फ्रापिं पाहाँपिन्त भारत व नेपाले च्वनाजःछि माःगु बन्दोबस्त याये फुगुनं फ्रीगु गौरवया खँ खः। थुकी माःगु बन्दोबस्त याना बिज्याम्ह पूज्य धम्मवती, लोगोयात आर्थिक ग्वहाली यानादीम्ह गोष्ठीया सल्लाह-कार भाजु सानुरत्न स्थापित व हवाई टिकटया लागी ग्वहाली यानादीपिं गोष्ठीया जःपिनि प्रतिनं कृतज्ञ जुया।

थ्व बाहेकं इलेब्यले फ्राःपिं / बिज्यापिं स्वदेशी, विदेशी पाहुनातेत माःगु सतकार यायगु व बिचाःया आदान-प्रदान यायगु सुअवसर प्राप्त जूगु दु। थुकी



Downloaded from http://www.dhamma.digital

थी थी जिल्लां इलिब्यले क्वा:पिं पाहुनात, बेलायतं बिज्याम्ह बर्मी अभिधर्माचार्य भिक्षु रेवतधम्म, बर्मा, भारत, सिंगापुर, मलेसिया, ताईवान आदी देश विदेशं बिज्यापिं / क्वांपि भन्ते गुरुमांपि व उपासक उपासिकापिंनं भुथ्या।

सफू व पत्र-पत्रिका प्रकाशनपाखें सफू प्रकाशन-यात मा:गु ज्या पूज्य भिक्षु अश्वघोष महास्थविर व पूज्य धम्मवती गुरुमांपिन्सं याना बिज्याना च्वंगु व धर्मकीर्ति मासिक पत्रिका नं पूज्य भिक्षु अश्वघोष महास्थविर, पूज्य अनगारिका वीर्यवती गुरुमां व व्यवस्थापकपिनि कुतले इलिब्यले हे बांलाक पिथना च्वनागु दु।

अध्ययन गोष्ठीया न्हू सदस्य ज्वीपिन्त गोष्ठीया न्हू नियमानुसार गोष्ठीपाखें छगू बुद्ध शिक्षा विशेष कक्षाया व्यवस्था यायेगु ज्वले थुगुसी जक भाजु मदनरत्न मानन्धरया संयोजकत्वय् "बुद्ध शिक्षा प्रारम्भिक प्रशिक्षण-१" संचालन जूगु दु। थुकीं ३९ म्ह न्हूपिं विद्यार्थीपिं लाभान्वित जूगु दु। थ्व कोर्स दयेकेगु ज्या व थुकीयात मा:गु ज्या यानादीम्ह भाजु मदनरत्न मानन्धर, कक्षा कया गुहाली यानादीपिं पूज्य भिक्षु अश्वघोष महास्थविर, पूज्य गुरुमां धम्मवती, भाजु बरदेश मानन्धरपिं साधुवादया पात्र ख:। वस्पोल / वय्क:पिं-पाखें हानं हानं थज्यागु सहयोगया आशा याय्‌याय् दु।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीयापाखें किपुया भाजंगाले निर्माण ज्वीत्यंगु सुलक्षण कीर्ति बिहारयातनं मा:बले भा:कथं गुहाली बिया च्वनेगु कीगु कर्तव्य ताय्‌का।

थ्व दँय् कीसं न्हापा स्वया छगू बिस्कं ज्याया अनुभव याय्‌दत व ख: रजत जयन्तिया पत्रकार सम्मेलन उलि ससक्त ज्वीमफुसां लिपायागु लागी यक्को अनुभव ग्रहण याये फत।

अध्ययन गोष्ठीया विभिन्न इले प्रव्रजित जुया-दीपिं पासापिसं व ईयात आ: नं जीवन्त याना वये फयेमा धयागु तातुना थ्व दँय्‌नं ध्यानकुटी बिहारस प्रव्रज्या दीवस ज्याइव: यानागुली यक्को पुलांपिं प्रव्रजीत ज्वीधुंकूपिं पासापिनिगु सहभागिता दुगु लयताय्‌थाय् दु।

मेगु खँ, थुगुसी लुम्बिनी अशोकस्तम्भ लुइकूगु सच्छि दँ थयंगु लसताय् न्ह्याकूगु काठमाडौं-लुम्बिनी शान्ति दौड व साइकल दौडे ब्वती कयादीपिन्त अध्ययन गोष्ठीपाखें गोष्ठीया तपुली व स्वांमां क्वखायेका भिंन्तुना देछायेगु ज्या जुल।

च्वय् न्ह्यथनागु सम्पूर्ण ज्याइव:यात बुवालेबले कीपिं कीगु आज्जुइ (मू लक्ष्य) मद्दीक न्ह्याना च्वनागु तायेकेफु। थ्व आज्जु पूवंकेगु ज्याय् ज: पासापिनिगुपाखें ब्यूगु ह:पा व वय्क:पिनिगु लगनशिलताया चिथें जि ताय्‌का। थुकियाना कीसं अझ थ्व स्वया त:धंगु ज्यानं अ:पुक मिलेचले जुया याना यायेफै धयागु क्वातूगु आत्मविश्वास ज:पिनि बिचे संचार जूगु ताय्‌का।

थ्व दँय् कीसं वार्षिक भेला भतिचा न्ह्यकया फागुनं याय्‌हया। छाय् धा:सां पूज्य धम्मवती गुरुमांनं वार्षिक भेला बुद्धजयन्ती स्वया निला स्वला न्ह्यो याय् द:सा बुद्धजयन्तीया ज्याइव: दयेके अपुइ धया बिज्याथें न्हापा स्वया ई न्ह्यकयागु ख:। थुगसी थुगु कार्यकारिणी समितियागुनं क्वण्डै स्वदँ पूवने त्यंगुलिं हरेक स्वदँय् छको दुज: हिलेगु कीगु निर्णय कथं थ्वहे वंगु चैत्र १६ गते शनिबारसं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया कक्षास पुनर्गठन ज्वीगु सूचं सकल ज:पिन्त बिया च्वना। थ्व दिनय् दक्को ज:पिं इलय् थ्यंका न्हू कार्यकारिणी समिति दयेकेगुली गुहाली यानादीत इनाप याना च्वना। नापं अध्ययन गोष्ठीयात न्ह्याज्याकेत न्ह्याबलें थें सकल ज:पिनिपाखें फु फु कथं ग्वहाली दया च्वनी धयागु भलसा कया च्वना।

अध्ययन गोष्ठी की सकस्यां मंका दबू ख:। की फुक्कसिगु ग्वहाली व सहभागीतां हे जक थुकीयात अझ अप्वो च्वन्ह्याकेफै धयागु बिचा: सकसियां दूगु तायेका सकल ज:पिनिपाखें वंगु दँय् अझ अप्वो हौसला व उत्साहं जायेका मा:गु ज्या बांलाकेगुलिइ ग्वहाली याइ धयागु भलसा कया।

थ्व स्वदँया कार्यकाल बांलाक न्ह्याके फूगु धयागु छिकपिनिगु असिम स्नेह व ग्वहालि ख: धयागु तायेकूसें लिपा नं थज्यागु हे मैत्रीपूर्वक ग्वहाली याना अझ थ्व गोष्ठी च्वन्ह्याकेगुलिइ तिब: बिइ धयागु भलसा कया।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

## २०५३ सालया ल्याःचाः

### आम्दानी

| विवरण | रकम |
|---|---|
| २०५२ सालया ल्यंगु धेबा | २०४।७५ |
| अक्षयकोषपाखें ब्याज वगु | २०००।– |
| सदस्य नविकरण याना वगु | २१६०।– |
| न्हूपिं सदस्य जुया वगु | १५०।– |
| बलम्बूई जूगु २५ क्वगू वार्षिक भेलाया ल्हापं वगु | ७५२५।– |
| ध्यानकुटी विहारे "प्रव्रज्या दिवश" यात ल्हापं वगु | ७३३३।– |
| "बुद्ध शिक्षा" प्रारम्भिक प्रशिक्षण क्लासपाखें वगु शुल्क (३९ जनाया २५।– दरं) | ९७५।– |
| पत्रिकाया बिज्ञापन यागु वगु ७५००।– मध्ये २१५५।६६ मुद्दती तया ल्यंगु धन खाता खोले याय्त जम्मा याना छोयागु (ब. नं. १०७९१) | ५३४४।३४ |
| न्हापा बलम्बूई जूगु शिविरयागु बाँकी दयाच्वंगु जम्मा यानागु | ६२८।– |
| लिपा हाकनं पत्रिकाया बिज्ञापनयागु वगु | १९,६७५।– |
| सदस्य नविकरण याना वगु | ७४०।– |
| न्हूपिं सदस्य जुया वगु | २५।– |
| बचत खातां ब्याज वगु | ४९२।– |
| मुद्दती खातां (५९।४८१) ब्याज वगु | ७८३।७५ |
| Holland पिनि पाखें चन्दा वगु | ४०००।– |
| बैंकं ब्याज वगु | ६३५।५९ |
| जम्मा | ५२६७१।४३ |

### खर्च

| विवरण | रकम |
|---|---|
| ज्ञाणिस्सार भन्तेयागु प्रवचनया बिज्ञापन बापत | २००।– |
| लुम्बिनी उत्सवया उपलक्षे काठमाडौंनिसें लुम्बिनी तक ब्वांय्वंपिन्त तपुली व स्वांमा खर्च | ६१५।– |
| वार्षिक भेलाया सूचं बियागु (सन्ध्या टाइम्स) | २००।– |
| बलम्बूई जूगु वार्षिक भेलाय् खर्च जूगु | ७५६१।७५ |
| ध्यानकुटी विहारे "प्रव्रज्या दिवश" य् | ७३३३।– |
| बुद्ध शिक्षा प्रारम्भिक प्रशिक्षण क्लासयात खर्च जूगु | ७९२।– |
| थेरवाद, महायान व बज्रयान विषय प्रवचन गोष्ठीयात खर्च जूगु | ११६५।– |
| लेटर पायद, खाम छपाई खर्च | ११००।– |
| धर्मरत्न शाक्य 'त्रिशूली' यात अभिनन्दन देछाय्त फ्रेम १ न्यानागु खर्च | २५०।– |
| लेखन प्रतिमा क्लासयागु प्रिन्टीङ्ग खर्च | २२०।– |
| अध्ययन गोष्ठीया क्लासया फाराम अफसेट व फोटोकपी यानागु खर्च | ८०।– |
| २०५२ सालया लाईब्रेरी खर्च याय्त रसिद नं. १९३ निसें २८७ तक ९५ थानया ५।- दरं | ४७५।– |
| बैंकय् खाता खोले याय्त माःगु स्वें फोटोकपी यानागु खर्च | ३०।– |
| अ. गोष्ठीया रजत जयन्ती कार्यक्रमयात खर्च | ७०००।– |
| " " " " | १३,०००।– |
| " " " " | १५५७।– |
| वार्षिक भेलाय् खर्च जूगु | ९५४।– |
| ल्यं दनिगु | १०,१३८।६८ |
| जम्मा | ५२,६७१।४३ |



Downloaded from http://www.dhamma.digital

# अनिच्चावत संखारा

अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो ।
उप्पजित्वा निरुज्झन्ति, तेसं ऊपसमो सुखो ।।

अष्टकाजी बज्राचार्य





आशकाजी शाक्य



जन्म : १९९२ भाद्र १५ गते
मृत्यु : २०५३ फागुन २२ गते

जन्म : १९८०
मृत्यु : २०५३ फागुन १७ गते

Dhamma.Digital

दिपंकर ज्ञानमाला भजन खलःया दीर्घसेवी एवं आजीवन
सदस्य जुया बिज्यापिं

**अष्टकाजी बज्राचार्य व आशकाजी शाक्य**

थ्व अनित्य संसार त्वता दिवंगत जुया बिज्यागुलिं
वसपोलपिनि प्रति हार्दिक कृतज्ञता द्यछासें
निर्वाण कामना याना च्वना ।

निर्वाण कामना यानापिं
**दिपंकर ज्ञानमाला भजन खलः**
व
**मुनि विहार ख्वप**

Downloaded from http://www.dhamma.digital

## नेपालका भिक्षुलाई बर्माको पदवी

नेपालका जेष्ठ संघनायक शाक्यानन्द महास्थविर (८६ वर्ष) लाई बर्मा सरकारले गत २३ मार्चका दिन एक समारोहका बीच बर्माको धार्मिक क्षेत्रबाट प्रदान गरिने उच्च पदवीहरूमध्ये एक "अग्ग महासद्धम्मपालक ज्योतिधज" ले विभूषित गरिएको समाचार प्राप्त भएको छ। बर्मामा सम्पन्न भएको उक्त समारोहमा संघनायक शाक्यानन्द महास्थविरको साथमा भिक्षु सुदर्शन महास्थविर र प्रो. छत्रराज शाक्यको पनि उपस्थिती थियो।

स्मरणीय छ, बर्मा देशमा यस पदवीले विभूषित कुनै पनि व्यक्तिलाई त्यस मुलुकका सम्पूर्ण सरकारी सवारी साधनमा निःशुल्क भ्रमणको सुविधा, बर्मा देशमा रहुञ्जेल सम्पूर्ण आवश्यक खर्च बर्मा सरकारले नै व्यहोर्ने र पदवी प्राप्त व्यक्ति दिवंगत भएमा अन्तिम संस्कारका लागि आवश्यक खर्च सबै बर्मा सरकारले नै उपलब्ध गराइने कुरा पनि बुझिएको छ।

## बिचार गोष्ठी

२०५३ फागुन ११ गते—बौद्ध संघ भक्तपुरको रजत जयन्तीको उपलक्ष्यमा अरनिको सभा भवनमा एक बिचार गोष्ठीको समापन समारोह सम्पन्न भएको समाचार प्राप्त भएको छ।

भिक्षु अश्वघोष महास्थविर समक्ष शील प्रार्थना गरी शुरु भएको उक्त गोष्ठी र समापन समारोह कार्यको प्रमुख नेता संघका अध्यक्ष त्रीरत्न शाक्य हुनु भएको थियो। रत्नसुन्दर शाक्यबाट स्वागत भाषण गरिएको उक्त समारोहमा भिक्षु अश्वघोष महास्थविरले बुद्ध धर्मको व्यवहारिक पक्ष बारे आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो। उहाँले कुराकानी गर्ने ढंग (शैली) बारे स्पष्ट पार्नु हुँदै उदाहरणको रूपमा केही कथाहरू पनि प्रस्तुत गर्नुभएको थियो।

आफ्नो मन्तव्य प्रकट गर्ने सन्दर्भमा बौद्ध विद्वान भुवनलाल प्रधानज्यूले भक्तपुरमा बुद्ध धर्मको शुरुबाट लिच्छविकालदेखि भएको प्रमाण दिनु हुँदै यो धर्म लोप हुँदै जानुको कारण पनि प्रष्ट पार्नुभयो। डा. केशवमान शाक्यज्यूले "बुद्ध धर्मया व्यापकताया लँपु" (बुद्ध धर्मको व्यापकताको मार्ग) को शिर्षकमा थरीथरी जनजातीहरू-को देन बारे बोल्नु भयो।

यस समारोहमा भिक्षु अश्वघोष महास्थविरले बौद्ध संघको रजत जयन्ति स्मारिकाको लोकार्पण गर्नुभएको थियो। समारोहमा रजत जयन्तिको उपलक्ष्य-मा सम्पन्न भएको "बौद्ध कविता प्रतियोगिता" मा प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्न सक्षम प्रतियोगीहरूलाई भुवनलाल प्रधानज्यूले प्रमाण–पत्र प्रदान गर्नुभयो। यसरी नै रजत जयन्तिको उपलक्ष्यमा भिक्षु महासंघको तर्फबाट महापरित्राण पाठ गरिएको थियो। यस महापरित्राण पाठ कार्यक्रममा विशेष सहयोग गर्ने श्रद्धालुहरूलाई भिक्षु धम्मशोभन महास्थविरले खुशियाली पत्र प्रदान गर्नुभयो।

यही समारोहमा बौद्ध संघका संस्थापक संघरत्न शाक्य खमाबहालाई पनि संघका तर्फबाट अभिनन्दन पत्र प्रदान गरियो। श्री शाक्यले संघको स्थापनाकालदेखि अटूट रूपले कार्यसमितिमा रही संघलाई आर्थिक सहयोग



Downloaded from http://www.dhamma.digital

प्रदान गर्नुभएको कदर स्वरूप संघका अध्यक्षको तर्फबाट यस अभिनन्दन पत्र प्रदान गरिएको थियो ।

संघरत्न शाक्यले संघलाई अझ अगाडि बढाउनको लागि र बौद्ध गतिविधिलाई निरन्तरता प्रदान गर्न सहयोगको स्वरूप स्थापना गरिएको "रत्नायन कोष" मा थप रकम रु. ३०,०००।– को चेक अध्यक्षज्यूलाई प्रदान गर्नुभयो ।

रामकृष्ण बंग्रले धन्यवाद ज्ञापन गर्नुभएको सो कार्यक्रमको संचालक वा उद्घोषक श्री रोशन वज्राचार्य हुनुहुन्थ्यो ।

## प्रथम बौद्ध जागरण शिविर सम्पन्न

हिमालय बुद्धिष्ट एजुकेशन फाउण्डेशन, नेपालको सहयोगमा थारू कल्याणकारी संघ तथा युवा बौद्ध समूह सिराहाको संयुक्त आयोजनामा २०५३ फागुन २४ देखि २७ गतेसम्म सिराहा जिल्लाको पडरिया गा. वि. स. मा प्रथम बौद्ध जागरण प्रशिक्षण शिविर तथा बौद्ध जनसभा कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

प्राप्त समाचार अनुसार युवा बौद्ध समूह केन्द्रका अध्यक्ष श्री हर्षमुनि शाक्यले शिविरमा सहभागी हुनु भएका प्रशिक्षार्थीहरूलाई प्रमाण–पत्र वितरण गर्नु हुँदै थारू जनसमुदायको विद्वानवर्गहरूबाट आगामी चैत्र महिनामा नेपाल अधिराज्यको पश्चिमबाट प्रारम्भ गरिने थारू बौद्ध जागरण कार्यक्रमको सफलताको कामना गर्नुभयो ।

प्रशिक्षक प्रा. श्री जनक नेवाले बुद्धको शिक्षा सुखमय जीवन पद्धतिको पक्षमा रहेको कुरा बताउनु हुँदै समयको परिवेशमा रही रचनात्मक कार्यहरू गरी जनतालाई सचेत गराउनु हाम्रो कर्तव्य हो भन्नुभयो ।

युवा बौद्ध समूह सिराहाका सचिव श्री परशुराम चौधरीले स्वागत भाषण गर्नुभएको सो कार्यक्रममा धर्मोदय सभाका केन्द्रिय सदस्य श्री इन्द्रबहादुर गुरुङ्गले २००१ सालमा स्थापित धर्मोदय सभाको परिचय दिनु भएको थियो । कार्यक्रममा थारू विद्वान श्री तेजनारायण पंजियार, युवा बौद्ध समूह सप्तरी जिल्लाका श्री महेश कुमार चौधरी, थारू कल्याणकारी संघका सदस्य श्री सियाराम चौधरी, श्री शत्रुघन प्रसाद सिंह चौधरी, प्रशिक्षक श्री विपिन्द्र महर्जन, प्रशिक्षक श्री चन्द्रकाजी शाक्य, युवा बौद्ध समूह उदयपुरका अध्यक्ष श्री वासुदेव चौधरी, थारू कल्याणकारी संघ केन्द्रिय सांस्कृतिक मन्त्री श्री मोतीलाल चौधरी, धर्मोदय सभा चितवन शाखाका अध्यक्ष श्री अक्कलध्वज गुरुङ्ग, परिवर्तनशील थारू संघका अध्यक्ष श्री तुलसीदास चौधरी तथा प्रशिक्षार्थीका तर्फबाट श्री लक्ष्मण चौधरी र सुश्री मालती चौधरी आदिले आ–आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

युवा बौद्ध समूह सिराहाका कोषाध्यक्ष श्री बद्रीनारायण चौधरीबाट आय–व्यय प्रस्तुत गरिएको उक्त समारोहमा सभापतिको आसनबाट बोल्नु हुँदै युवा बौद्ध समूह सिराहाका अध्यक्ष श्री उमाकान्त चौधरीले बौद्ध जागरण शिविरको लागि आवश्यक सहयोग प्रदान गर्नु हुने सबै महानुभावहरूलाई धन्यवाद दिनुभयो ।

पञ्चशील प्रार्थनाबाट शुरु भएको सो कार्यक्रममा काठमाडौंबाट आएका अतिथिहरूलाई थारू परम्परा अनुसार थारू कल्याणकारी संघका उपाध्यक्ष श्री सूर्यनारायण चौधरीबाट फेत्ता (पगरी) बाँधी सम्मान गरिएको थियो ।

(बाँकी कभरको दोश्रो पेजमा)

मुद्रक – नेपाल प्रेस, शुक्रपथ, काठमाडौं, नेपाल । फोन – २२ १० ३२, २२५ ४५०

Downloaded from http://www.dhamma.digital